जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक १८२ • २०८२ साल मंसिर १५ गते सोमबार (1 December, Monday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## मन्त्री विच्छाको सांसद पद खारेज गर्न पत्र

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका वन तथा वातावरण मन्त्री बनेकी कञ्चन विच्छालाई प्रदेशसभा सदस्य पदबाट हटाउन राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले मधेश प्रदेश सभालाई पत्राचार गरेको छ ।

राप्रपाबाट एक मात्र प्रदेशसभामा समानुपातिक सांसद रहेकी विच्छा गत २४ कार्तिकमा संविधानको धारा १६८ को ३ बमोजिम बनेका मुख्यमन्त्री सरोजकुमार यादव नेतृत्वको सरकारमा विना विभागीय मन्त्री बनेकी थिइन् । पार्टीको निर्देशन विपरीत उनी मंसिर ८ गते वन तथा वातावरण मन्त्री बनिन् ।

राप्रपाले उनलाई सरकारबाट बाहिरिन निर्देशन दिएको थियो । तर उनी मन्त्री पद छोड्न नमानेपछि पार्टीले स्पष्टीकरण समेत सोधेको थियो । पार्टीको नीति नियमको अटेर गरेपछि प्रक्रिया पुर्‍याएर राप्रपाले उनलाई प्रदेश सांसद पदबाटै हटाउन राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ३४ बमोजिम आवश्यक कारबाहीका लागि सूचना जारी गरिदिन प्रदेश सभामा पत्र पठाएको छ ।

राप्रपाका मुख्य सचिव केदारबहादुर अधिकारीको हस्ताक्षरसहित मधेश प्रदेश सभालाई पत्र पठाइएको छ । मधेश प्रदेशसभा सचिवालयमा आइतबार पत्र प्राप्त भएपछि उपसभामुख बबिता राउत इशरलाई बुझाइएको सचिव बासुप्रसाद कोइरालाले जानकारी दिए ।

### मुख्यमन्त्रीविरुद्धको मुद्दामा आज पेशी

# फैसला आउने सम्भावना बलियो, दुबै पक्ष आ-आफ्नै अडानमा कायम

**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सरोज कुमार यादवविरुद्ध मधेश प्रदेशका ७४ जना सांसदको तर्फबाट दायर रिट उपर सोमबार पुनः बहस हुने भएको छ । सर्वोच्च अदालतमा पेशी तोकिएको सो मुद्दाको पक्ष र विपक्षमा हुने बहस लम्बिएको छ । सोमबार हुने बहसमा विपक्षको तर्फबाट तीजना कानुन व्यवसायीले बहस सकेपछि सोही दिन फैसला आउने सम्भावना बढी रहेको जसपा नेपालका प्रवक्ता मनिष सुमनले जानकारी दिए ।

विपक्षीको तर्फबाट बहस सकिएपछि फैसला आउने सम्भावना बलियो रहेको उनले बताए ।

मधेश प्रदेशमा रहेको सात दलीय गठबन्धनका सांसदहरुको तर्फबाट दर्ता गरिएको रिटमा सर्वोच्चले अन्तरिम आदेश यस अघि नै जारी गरिसकेको छ । मुख्यमन्त्री यादवलाई नीतिगत र दीर्घकालीन असर पर्ने कुनै निर्णय नगर्न सर्वोच्चले अन्तरिम आदेश दिएको छ ।

अदालतले अग्राधिकार दिएको सो मुद्दामा दुबै पक्षबाट झण्डै एक दर्जन कानुन व्यवसायीहरुलाई बहसका लागि राखिएको छ । दुबै पक्षले आ-आफ्नो तर्कबाट पछि हटेको छैन । मुख्यमन्त्री यादवले संविधानको धारा १६८ को धारा ३ बमोजिम प्रदेश प्रमुखले नियुक्त गरी शपथ गराएको बताउँदै धारा १६८ को उपधारा २ बमोजिम गठन भएको सरकारले प्रदेश सभामा बहुमत सिद्ध गर्न नसकेपछि ३ अनुसारको सरकार गठन गरिएको दाबी गरिरहेका छन् । तर विपक्षी सात दलीय गठबन्धनका सांसदहरुले संविधानको धारा १६८ को उपधारा २ बमोजिमको सरकार गठन भइ बहुमतसिद्ध गर्ने हस्ताक्षर समेत प्रदेश प्रमुखलाई लिखित जानकारी गराउँदा समेत बेवास्ता गरेको आरोप लगाएका छन् ।

तत्कालीन मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनलले विश्वासको मत लिन डाकिएको प्रदेश सभा बैठकमा मत विभाजन हुनु




अगावै राजीनामा गरेकाले सरकार गठनको संविधानको धारा १६८ को उपधारा २ जीवित नै रहेको मुख्यमन्त्रीको विरोधमा रहेका सांसदहरुको तर्क छ ।

तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले दलगत स्वार्थले ओतप्रोत भइ बहुमत सांसदहरुको दाबी र संविधानको मर्म विपरीत महोत्तरी जिल्लाको बर्दिबासस्थित एउटा जंगलको बार रेष्टुरेन्टमा मुख्यमन्त्रीमा एमाले संसदीय दलका नेता सरोज कुमार यादवलाई मुख्यमन्त्री नियुक्त गरी शपथग्रहण गराएका थिए । एमालेसितको गठबन्धनमा रहेको नेपाली कांग्रेसले भण्डारीको निर्णयबाट आहत भएर एमालेको साथ छाड्नु परेको थियो । यसअघि प्रदेशसभामा रहेको ६ दलीय गठबन्धनमा नेपाली कांग्रेस मिलेसँगै दुई तिहाइ बढी बहुमत प्रदेश सभामा देखियो ।

कांग्रेसलाई विपक्षी दलहरुले एमालेको साथ छाडे सहकार्य गर्ने विश्वास दिलाए पनि कांग्रेसका नेताहरुले एमालेको साथ छाड्न अस्वीकार गरेपछि मधेश केन्द्रित दलहरुले नेपाली कम्यूनिष्ट पार्टीको साथ लिएर सरकार गठन गरेको थियो ।

देशको अन्य ६ प्रदेशमा कांग्रेस र एमालेको गठबन्धन कायमै रहे पनि मधेश प्रदेशमा एमालेसितको गठबन्धन कांग्रेसका लागि घातक हुन सक्ने राजनीति वृत्तमा टिकाटिप्पणी हुने गरेको छ । मधेश केन्द्रित दलहरु र नेपाली कम्यूनिष्ट पार्टी(नेकपा) ले एमालेसित कुनै प्रकारको सहकार्य नगर्ने अडान कायमै राखेका छन् । उनीहरुले सरकार गठन गर्न नसके पनि एमालेको सहयोगमा सरकार नबनाउने बताउँदै आएका छन् । मधेश प्रदेश सभाको सभामुख रामचन्द्र मण्डलले जितेन्द्रप्रसाद सोनललाई विश्वासको मत लिन अवरोध गरेको आरोप लगाउँदै सात दलीय गठबन्धनले उनी विरुद्ध महाअभियोग लगाएको थियो ।

पद अनुरुपको आचरण नगरेको प्रस्ताव प्रदेशसभा दर्ता हुन नदिन मण्डलले बाहुबलको प्रयोग गरेका थिए । उनले पाँच जना सांसदलाई समेत अवैध ढंगले पदमुक्त गरेका थिए । सर्वोच्च अदालतले पदमुक्त भएका सांसदहरुलाई पुनः बहालीको अन्तरिम आदेश दिएको थियो । प्रदेश सभामा दर्ता रहेको महाअभियोग प्रस्तावलाई प्रदेश सभाको बैठकले दुई तिहाई बहुमत भन्दा बढी सांसदहरुको मतले पारित गरिएको थियो ।

एमालेबाट प्रदेश प्रमुख नियुक्त रहेकी भण्डारी बर्खास्त भइसकेकी छन् । एमालेबाट प्रदेश सभामुख बनेका मण्डल पनि महाअभियोगबाट पदमुक्त भइसकेका छन् । मुख्यमन्त्री यादवको असंवैधानिक नियुक्ति भनिएको रिट उपर पुनः सोमबार सर्वोच्चमा बहस हुने पेशी तोकिएको छ ।

मुख्यमन्त्री यादवको नियुक्ति गैरकानुनी ठहर हुने बहस यस अघि नै कानुन व्यवसायीहरुले गरिसकेका छन् । दुबै पक्षको सम्पूर्ण तथ्यसहितको प्रमाण र नियुक्तिको विधि प्रक्रिया लगायतको आधिकारिकता सर्वोच्चमा परिक्षण हुनेछ । मुख्यमन्त्रीको नियुक्ति बदर भए मधेश प्रदेशमा एमालेले व्यहोर्ने क्षतिको भर्पाई प्रदेश सभाको बाँकी रहेको अवधिमा हुने सम्भव देखिदैन । असंवैधानिक प्रक्रियामा जाँदा एमालेले एकपछि अर्को गरी महत्वपूर्ण पदहरु गुमाउनु परेको छ । एमालेको सिफारिसमा प्रदेश प्रमुख बनेकी भण्डारी बर्खास्त र सभामुख मण्डल पदमुक्त भइसकेका छन् ।

# प्रबन्धकको हत्या गर्ने दुईजना पक्राउ



**टुडे समाचारदाता**

बारा । बाराको एक उद्योगले काम गर्ने मजदुरलाई निकालेको झोकमा प्रबन्धककै हत्या गरेको भन्दै दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

बाराको प्रसौनी गाउँपालिका-६ स्थित किरण वेभरेज प्रालिका प्रबन्धक रामकिशोर सिंहको हत्या आरोपमा दुई जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा वीरगञ्ज महानगरपालिका-२२ का २१ वर्षीय राजनकुमार राम र स्थानीय ३२ वर्षीय प्रमोद साह तुरहा रहेका छन् ।

सिंहको हत्या गरेर फरार भएको भन्दै उनीहरूलाई प्रहरीले घटना भएको एक दिन नबित्दै नियन्त्रणमा लिएको थियो । भारतीय सीमा क्षेत्रबाट मंसिर १२ गते राति नै पक्राउ परेका उनीहरूलाई बारा जिल्ला अदालतबाट आइतबार ७ दिन हिरासतमा राख्ने अनुमति लिएपछि प्रहरीले सार्वजनिक गरेको छ ।

उनीहरुले मंसिर ११ गते राति पानी उद्योगका प्रबन्धक सर्लाही धनकौल गाउँपालिका-२ का ५० वर्षीय सिंहलाई धारिलो हतियारले रेटेर हत्या गरेका थिए । हत्यापछि उनीहरुले सिंहको शवलाई उद्योग भन्दा करिब २५ मिटर उत्तरतर्फको झाडीमा लुकाएर फरार भएका थिए । घटनाको अनुसन्धानका क्रममा उद्योगमा चालकको रुपमा कार्यरत रामको संलग्नता हुनसक्ने देखेपछि प्रहरीले सूक्ष्म अनुसन्धान अघि बढाएको जनाएको छ ।

राम उक्त उद्योगमा चालकको रुपमा कार्यरत थिए । आचरण राम्रो नभएको भन्दै प्रबन्धक सिंहले उनलाई मंसिर १० गते कामबाट हटाएका थिए भने मंसिर ११ गते काम गरेवापतको ज्याला दिइ पठाएका थिए । उद्योगबाट उत्पादित पानी व्यक्तिगत मुनाफाका लागि बजारमा बढी मूल्यमा बिक्री गर्ने गरेको थाहा पाएपछि प्रबन्धक सिंहले रामलाई हटाएको प्रहरीले बुझाइ छ ।

सिंह र रामबीच अघिल्लो वर्षको मंसिर महिनामा समेत वादविवाद भएको थियो । वादविवादपछि उद्योग छोडेर गएका राम कार्तिक १ गतेदेखि पुनः चालकका रुपमा काम गर्दै आएका थिए । प्रबन्धक सिंह र चालक रामबीचको सम्बन्ध राम्रो थिएन । पछिल्लो पटक कार्तिक १० गते कामबाट हटाएपछि रामले सिंहको हत्या गर्ने योजना बुनेको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ । सिंहले वीरगञ्जस्थित एक होटलमा प्रमोद साह तुरहासंग मदिरा सेवन गर्दै हत्याको योजना बुनेका थिए ।

योजनाअनुसार वीरगञ्जबाट राति करिब १० बजे उद्योगमा आएका उनीहरुले सिंहमाथि धारिलो हतियार र इँट्टा प्रहार गरेर हत्या गरेका हुन् । सो क्रममा उनीहरुले उद्योग भित्रको सीसीटीभी क्यामरा समेत फुटाएका थिए । घटनालगत्तै प्रहरी उपरीक्षक नरेन्द्र कुवँर र अपराध अनुसन्धान शाखाका प्रहरी नायब निरीक्षक दीपक बस्नेतको टोलीले अनुसन्धान थालेको थियो । अनुसन्धाका लागि प्रदेश प्रहरी कार्यालय जनकपुरधामबाट तालिम प्राप्त कुकुर समेत परिचालन गरिएको थियो ।

पक्राउ परेका अभियुक्त रामले हत्यामा आफ्नो संलग्नता रहेको स्वीकार गरेका छन् । रामले आफूलाई कामबाट हटाएको आवेशमा सिंहको हत्या गरेको प्रारम्भिक अनुसन्धानको क्रममा बताइन्छ । तुरहा र आफू मिलेर सिंहको हत्या गरेको बयान रामले दिएपछि प्रहरीलाई घटनाको अनुसन्धान गर्न सहज भएको प्रहरीले जनाएको छ । बाराका निमित्त प्रहरी प्रवक्तासमेत रहेका सूचना अधिकारी खेमप्रसाद नेपालले हत्यामा प्रयोग गरिएका धारिलो हतियार समेत बरामद भएको जानकारी दिए । उनीहरुविरुद्ध कर्तव्य ज्यान कसुरमा अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

## निर्वाचनअगाडि नै महाधिवेशन गर्न सहमत

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा आगामी फागुन २१ गते प्रतिनिधिसभा निर्वाचनअघि नै महाधिवेशन गर्ने भएका छन् । कांग्रेस केन्द्रीय कार्यसमितिको सोमबार बस्ने बैठकमा निर्वाचन अगाडि नै महाधिवेशन गर्ने कार्यतालिका ल्याउने नेताहरूबीच सहमति बनेको छ ।


निर्वाचनअगाडि महाधिवेशन गर्ने कि पछाडि भन्ने विवादले डेढ महिनासम्म कांग्रेस आन्तरिक विवादमा फसेको थियो । सहमतिका लागि सभापति शेरबहादुर देउवाले हस्तक्षेप गरेपछि १५ औं महाधिवेशनको कार्यतालिकामा सहमति जुटेको छ ।

कांग्रेसका एक पदाधिकारीका अनुसार पुस २७-३० सम्म केन्द्रीय महाधिवेशन सम्पन्न गर्नेगरी कार्यतालिका ल्याउने गृहकार्य भइरहेको छ । त्यसमा संस्थापन पक्षमा पूर्वपदाधिकारी कृष्णप्रसाद सिटौला र विमलेन्द्र निधिसहितको एउटा समूह सहमत भइसकेको छैन । तर देउवाले नियमित महाधिवेशन निर्वाचनअगाडि नै गर्न निर्देशन दिएपछि कार्यवाहक सभापति खड्काले सोमबारको बैठकमा प्रस्ताव लैजाने तयारी भएको अर्का एक नेताले बताए ।

संस्थापन पक्षीय सदस्य रमेश लेखकले डेढ महिनादेखि महाधिवेशनको मुद्दामा चलेको विवाद मिल्ने बाटोमा गएको बताए । उनले सोमबारकै बैठकमा सबैलाई स्पेस हुनेगरी महाधिवेशनको कार्यतालिका आउने बताए ।

निर्वाचन अगाडि महाधिवेशनको पक्षमा नभएका संस्थापनपक्षकै पूर्व पदाधिकारीहरुले भने सोमबार प्रस्ताव हुने कार्यतालिकामा अझै सहमति जनाइसकेका छैनन् ।

यता महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले प्रस्तावित कार्यतालिका नियमित महाविधेशन नहुने अवस्थामा आएमा विशेष महाधिवेशनको प्रक्रिया अघि बढ्ने बताउँदै आएका छन् । महामन्त्री थापाले आफूहरू कार्यतालिकाको माग नगरेर महाधिवेशनको सुनिश्चितता खोजिरहेको बताए ।



## अख्तियारद्वारा सात जनाविरुद्ध मुद्दा दायर

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सात जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आयोगले आइतबार विज्ञप्ति जारी गरी कपिलवस्तुको मायादेवी गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृतहरू र लेखाका कर्मचारीसहित सात जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको जनाएको छ । आयोगले पुरानो पेस्की फछ्र्यौट नभएको अवस्थामा पनि नियम विपरीत थप पेस्की दिने र आपसी मिलेमतोमा सरकारी रकम हिनामिना गर्न सहयोग गरेको आरोपमा तत्कालीन प्रमुख प्रशासकीय अधिकृतहरू रामचन्द्र ढकाल, कृष्णप्रसाद तिमिल्सिना र परमेश्वर यादव, तत्कालीन लेखा अधिकृत प्रकाश गौतम, लेखापाल तुलसीराम पौडेल र लेखा सहायक गिरिराज गौतमलाई विपक्षी बनाई मुद्दा दायर गरेको छ ।

गाउँपालिकामा कार्यरत अधिकृत छैटौँ यादवले स्वास्थ्यसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्न लिएको पेस्की रकम काम सम्पन्न नगरी र बिल भरपाई पेस नगरी हिनामिना गरेको आरोपमा आयोगले आज मुद्दा दायर गरेको छ । यादवले आर्थिक वर्ष २०७५/७६ देखि २०७८/७९ सम्म पटक-पटक लिएको पेस्कीमध्ये रु ४६ लाख सात हजार बराबरको बिल भरपाई पेस नगरी र सो रकम फिर्ता नगरी सरकारी सम्पत्ति हिनामिना गरेको पाइएको आयोगले जनाएको छ । आयोगले आरोपीहरूबाट हिनामिना भएको बिगो रकम असुलउपर गर्न र भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कैद तथा जरिवानाको मागदाबी गरेको छ । रासस

## क्रिप्टो मुद्राको कारोबारमा संलग्न दुई जना पक्राउ

काठमाण्डु । जिल्ला प्रहरी परिसर काठमाडौँको टोलीले रु ७४ लाख ५२ हजार अभौतिक मुद्रा (क्रिप्टो मुद्रा) को कारोबारमा संलग्न रहेको अभियोगमा दुई जनालाई पक्राउ गरी आइतबार सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा काठमाडौँ महानगरपालिका-१४ का ३६ वर्षीय विशाल डङ्गोल तथा मोरङको मिक्लाजुङ गाउँपालिका-१ घर भई हाल काठमाडौँ महानगरपालिका-१४ कलङ्की बस्ने ४५ वर्षीय उमेश श्रेष्ठ रहेका जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिनुभयो । उहाँका अनुसार शनिबार काठमाडौँ महानगरपालिका-१० बिजुली बजारस्थित केही व्यक्तिले क्रिप्टो मुद्राको कारोबार गरिरहेको सूचनाका आधारमा जिल्ला प्रहरी परिसरबाट खटिएको टोलीले उनीहरुलाई पक्राउ गरेको हो ।

प्रहरीले उनीहरुका साथबाट क्रिप्टो मुद्राको कारोबार गर्न प्रयोग भएको विभिन्न कम्पनीका मोबाइल फोन पाँच थान बरामद गरेको छ । पक्राउ परेकाहरुले क्रिप्टो मुद्रा कारोबार गरेको देखिएकाले निजहरु उपर अभौतिक मुद्राको प्रयोग गर्न नहुनेसम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको प्रवक्ता भट्टराईले बताउनुभयो ।

**बिचौलियाको काम गर्ने तीन जना पक्राउ**

राहदानी बनाई दिने भन्दै बिचौलियाको काम गर्ने तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा बझाङको बित्थडचिर गाउँपालिका-६ घर भई हाल काठमाडौँ कीर्तिपुर बस्ने १९ वर्षीय हेमन्तसिंह ओखेडा, काठमाडौँ महानगरपालिका-१८ बस्ने ४५ वर्षीय मनराज श्रेष्ठ तथा प्यूठानको प्यूठान नगरपालिका बस्ने ३० वर्षीय दीपेश केएम रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिनुभयो ।

राहदानी विभाग त्रिपुरेश्वरको मूलगेटबाहिर सेवाग्राहीलाई राहदानी छिटोछरितो बनाइदिने भन्दै विभिन्न प्रलोभन देखाई अतिरिक्त रकम लिई दुःख हैरानी दिने तथा राहदानी विभागका कर्मचारीको कामकारबाहीमा अवरोध पुऱ्याउने कार्य गरेको पाइएकाले तीनै जनालाई पक्राउ गरिएको प्रवक्ता आचार्यले बताउनुभयो ।रासस




## ‘पर्यटन क्षेत्रको विकासमा एआईको प्रयोग जरुरी’




काठमाण्डु । नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले पर्यटन क्षेत्रको विकासका लागि प्रविधिको प्रयोग आवश्यक रहेको बताउनुभएको छ ।

ट्रेकिङ एजेन्सिज् एशोसियसन अफ नेपाल (टान) को आयोजना तथा नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) नेपालको सहलगानीमा सञ्चालित दिगो पर्यटन परियोजनाको सहकार्यमा आइतबारदेखि सञ्चालित ‘प्रविधिमैत्री पर्यटन तथा एआई तालिम’को उद्घाटन सत्रमा उहाँले प्रविधिका माध्यमबाट पर्यटन क्षेत्र अहिलेको आवश्यकता भएको बताउनुभएको हो ।

उहाँले पछिल्लो समय प्रविधिको प्रयोगसँगै नेपाल आउने विदेशी पर्यटकको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको उल्लेख पनि गर्नुभयो । नेपालको पर्यटन क्षेत्रको विकासका लागि समयानुकूल प्रविधिको प्रयोगसम्बन्धी तालिम अपरिहार्य रहेको उहाँको भनाइ थियो ।टानका अध्यक्ष सागर पाण्डेले व्यावसायिक रुपमा नेपालको पर्यटन क्षेत्रलाई अगाडि बढाउन एआई तालिमले ठूलो सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले नयाँ पुस्तालाई पर्यटनसँग जोड्नका लागि प्रविधिमैत्री तालिम आवश्यक रहेको बताउनुभयो ।

टानका वरिष्ठ उपाध्यक्ष कर्मा शेर्पाले अहिलेको डिजिटल युगमा एआईको तालिम अपरिहार्य भएको बताउनुभयो । उहाँले एआई तालिमबाट नेपालको पर्यटन प्रवर्द्धनमा ठूलो सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।टानका प्रमुख कार्यकारी अधिकृत (सिइओ) रामचन्द्र सेढाईंले नेपालको पर्वतीय पर्यटनको विकास र ट्रेकिङ कम्पनीमा आबद्ध व्यवसायीको क्षमता अभिवृद्धिमा यस्तो तालिमले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

चार दिनसम्म चल्ने तालिममा पर्यटनमा एआइको प्रयोग, गन्तव्य विकास, क्षमता विकास र पर्यटनको सुरक्षाबारेमा प्रशिक्षण दिने कार्यक्रम रहेको तालिमका संयोजक एवं टानका सदस्य राजु गुरुङले जानकारी दिनुभयो । आइतबारदेखि सुरु भएको प्रशिक्षणको पहिलो चरणमा ३० ट्रेकिङ कम्पनीको सहभागिता छ ।

तालिमका सहसंयोजक एवं टानका सदस्य अम्बिरबहादुर गुरुङले नेपालको गन्तव्यलाई विश्वसामु चिनाउनका लागि यस्ता तालिमले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।रासस

## काठमाडौँमा जेनजी आन्दोलनका १६९ घाइतेको वर्गीकरण

काठमाण्डु । गत भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनमा काठमाडौँमा घाइते भएकाहरूको वर्गीकरण गरिएको छ । आइतबारसम्म कूल १६९ जना घाइतेको विवरण प्राप्त भई वर्गीकरण गरिएको जिल्ला प्रशासन कार्यालय काठमाडौँले जनाएको छ ।

दुई चरणमा गरेर घाइतेहरूको वर्गीकरण गरिएको जिल्ला प्रशासन कार्यालय काठमाडौँका सहायक प्रमुख जिल्ला अधिकारी एवं सहायक प्रवक्ता मुक्तिराम रिजालले जानकारी दिनुभयो । चार समूहमा घाइतेहरूको वर्गीकरण गरिएको बताउँदै उहाँले असक्तहरूको हकमा भने उपचाररत अस्पतालमा गएर टोलीले वर्गीकरण गरेको उहाँले बताउनुभयो ।

प्रशासन कार्यालयमा आउन अफ्ठयारो हुनेहरूको हकमा एम्बुलेन्समार्फत ल्याएर वर्गीकरण गरिएको हो । प्रजिअको संयोजकत्वमा रहेको वर्गीकरण सहजीकरण समितिले जेनजी प्रदर्शनका क्रममा घाइते भएकाहरूको वर्गीकरणसम्बन्धी कार्यविधि, २०८२ का आधारमा हालसम्म १६९ जनाको वर्गीकरण गरेको हो ।

प्रशासन कर्यालयले उक्त वर्गीकरण सम्पन्न गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई



अतिगम्भीर घाइतेको सूचीमा १५, गम्भीर घाइतेको सूचीमा ५१, मध्यममा ३६ र सामान्य घाइतेको सूचीमा ६७ जना रहेका जानकारी दिनुभयो । उहाँका अनुसार यही मङ्सिर ५ गते र १२ गते दुई चरणमा छलफल गरी घाइतेहरूको वर्गीकरण गरिएको सिफारिस पठाउने र सोही आधारमा मन्त्रालयले निर्णय गरी घाइतेहरूको सूची अनुसार आवश्यक सेवा सुविधा र सामाजिक सुरक्षाको व्यवस्था मिलाउने जनाइएको छ । जेनजी प्रर्दशनका लागि सुरुमा प्रशासन कार्यालयले ३१५ जनालाई अनुमतिपत्र उपलब्ध गराएको थियो ।रासस

## सार्वजनिक सेवालाई जनमुखी बनाउनुपर्नेमा जोड

काठमाण्डु । पछिल्लो समय विदेशी दातृ निकायबाट प्राप्त सहयोगमा कमी आइरहेका बेला आन्तरिक स्रोत परिचालन गरी आर्थिक वृद्धि र रोजगारी सिर्जनालगायत सुशासन एवं सार्वजनिक सेवालाई जनमुखी बनाउनुपर्नेमा जोड दिइएको छ । ‘सहमति’ नामक गैरसरकारी संस्थाको आयोजनामा नेपालमा सञ्चालित अन्तरराष्ट्रिय विभिन्न गैरसरकारी संस्थाका प्रतिनिधिहरु सहभागी कार्यक्रममा वक्ताहरुले सहयोगी संस्थाबीच साझेदारी र नवप्रवर्द्धनको आवश्यकतामा जोड दिनुभएको हो ।



विश्वव्यापी कोरोना महामारी र रसिया-युक्रेन युद्धका कारण विभिन्न दातृ मुलुकले सहयोग क्रमशः घटाउँदै लगिरहेका सन्दर्भमा नेपालमा सञ्चालित परियोजनाको कार्यान्वयन स्थिति र भावी योजनाकाबारेमा कार्यक्रममा छलफल भएको थियो । ‘नेपालमा विकास प्राथमिकता र बदलिँदो अवस्था’ विषयक सो अन्तरक्रिया कार्यक्रमका वक्ताहरुले दातृ मुलुकका सरकारीस्तरबाट आउने सहयोगमा कमी आए पनि व्यक्तिगत र संस्थागत रुपमा आउने सहयोग नघटेकाले निराश हुनुपर्ने अवस्था नरहेको उल्लेख गर्नुभयो । सधैँ विदेशी अनुदानमा मात्रै निर्भर नभई सरकारीस्तरबाट विनियोजन भएको बजेटको परिचालन गरेर पनि गरिबी निवारण, रोजगारी सिर्जनाबाट जनताको जीवनस्तर अभिवृद्धि गर्न सकिने अवस्थालाई पनि वक्ताहरुले जोड दिनुभएको थियो ।

नेपाल सरकारको प्राथमिकतामा आएको अनुदान सहयोगको उपयोग हुन नसक्दा कतिपय कार्यक्रम कार्यान्वयन नै नहुने, सुशासनको अभाव, झन्झटिलो प्रक्रियाले ढिलासुस्ती र अनियमितता हुने गरेका कारण केही देशहरुले सहयोगलाई घटाउँदै लगेको सो अवसरमा जानकारी दिइयो ।

कार्यक्रममा विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपालका राष्ट्रिय निर्देशक डा घनश्याम गुरुङले विगतमा राष्ट्रिय/अन्तरराष्ट्रिय गैससहरुको सहयोगका कारण नेपालको गरिबीमा कमी आर्थिकस्तरमा सुधार आउन सकेको बताउँदै वातावरणका क्षेत्रमा नेपालले हासिल गरेको सफलता विश्वमै उदाहरणीय रहेको उल्लेख गर्नुभयो । विकसित देशमा पनि गैससको भूमिका उत्तिकै रहेकाले नेपालमा अझै यसको भूमिका आवश्यक रहेको उहाँको भनाइ थियो ।

> “नेपालमा विकास प्राथमिकता र बदलिँदो अवस्था” विषयक सो अन्तरक्रिया कार्यक्रमका वक्ताहरुले दातृ मुलुकका सरकारीस्तरबाट आउने सहयोगमा कमी आए पनि व्यक्तिगत र संस्थागत रुपमा आउने सहयोग नघटेकाले निराश हुनुपर्ने अवस्था नरहेको उल्लेख गर्नुभयो ।

सहमतिका अध्यक्ष होमनाथ सुवेदीले अन्तरराष्ट्रिय दातृ निकायले अनुदानलाई भन्दा लगानीमा जोड दिन थालेको सन्दर्भमा हामीले पनि त्यसको उपयोग गर्दै आफ्ना मौलिक अभ्यासलाई प्राथमिकता दिनुपर्ने धारणा राख्नुभयो । विगत २४ वर्षमा सहमतिले देशका ५२ जिल्लामा गरेका विभिन्न ११३ वटा कार्यक्रमका सफल अभ्यासबाट स्थानीय बासिन्दामा शान्ति र खुशियाली ल्याउन सकिएको अनुभव सुनाउनुभयो ।

कार्यक्रममा विकास अभियन्ता अच्युत लुइँटेलले राष्ट्रिय अन्तरराष्ट्रिय जगत्मा आएको परिवर्तनका सन्दर्भमा विकासका प्राथमिकता, गैससको भूमिका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । नेपालस्थित बेलायती दूतावासका युगान मानन्धर, विनरक इन्टरनेशनलका बद्री बराल, युनाइटेड मिसन टु नेपालका गोकर्ण जोशी, सहमतिका प्रेमसागर सुवेदीलगायत प्रतिनिधिहरुले पनि हालै भएको जेनजी आन्दोलनको भावनालाई आत्मसात्गरीसुशासनरभ्रष्टाचारअन्त्य हुनसकेमा गैससहरुले स्वदेशी तथा विदेशी लगानीअनुसार जनताको जीवनस्तरमा सुधार ल्याउन सकिने धारणा राख्नुभयो ।रासस

## ७७ प्रतिशत एचआइभी सङ्क्रमित मात्रै उपचारको दायरामा




काठमाण्डु । पछिल्लो एक तथ्याङ्कले नेपालमा अनुमानित कूल एचआइभी सङ्क्रमितमध्ये ७७ प्रतिशत मात्र एन्टिरेट्रोभाइरल(एआरभी) उपचारमा रहेको देखाएको छ ।

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रणकेन्द्रले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्कअनुसार नेपालमा हरेक दिन एक दशमलव सात जना व्यक्तिमा एचआइभी सङ्क्रमण पुष्टि भएको छ । यसैगरी, सन् २०२४ को अन्त्यसम्म नेपालमा ३४ हजार ३३७ व्यक्तिमा एचआइभी सङ्क्रमण भएको अनुमान छ । वयस्क जनसङ्ख्यामा शून्य दशमलव १३ प्रतिशत सङ्क्रमण(प्रिभ्यालेन्स दर) रहेको छ ।केन्द्रले सार्वजनिक गरेको ‘एचआइभी फ्याक्ट सिट २०२५’का अनुसार सन् २०२४ को अन्त्यसम्ममा नेपालमा २६ हजार ३७२ सङ्क्रमितहरुले एन्टिरेट्रोभाइरल (एआरभी) उपचार लिइरहेका छन् र अनुमानित कूल एचआइभीको सङ्क्रमितमध्ये ७७ प्रतिशत एआरभी उपचारररत छन् ।

सन् २०२४ मा ६१४ व्यक्तिमा एचआइभीको नयाँ सङ्क्रमण भएको अनुमान गरिएको छ भने ५६९ व्यक्तिहरुको एड्सका कारणले मत्यु भएको अनुमान गरिएको छ । सो वर्षमा ३७ बच्चामा (०-१४ वर्ष) नयाँ सङ्क्रमण भएको अनुमान गरिएको छ ।नेपालमा एचआइभी सङ्क्रमणको उच्च जोखिममा रहेका समूहहरु सुईद्वारा लागुपदार्थ प्रयोग गर्नेहरु, यौनकर्मीहरु, कारागारमा रहेका कैदी बन्दीहरु, पुरुष समलिङ्गी तथा तेस्रोलिङ्गी र रोजगारीका लागि विदेशीनेहरु छन् ।

नेपालमा सन् २०३० सम्ममा एड्सको महामारीलाई अन्त्य गर्ने लक्ष्यलाई हासिल गर्न ९५:९५ अर्थात् ९५ प्रतिशत एचआइभी सङ्क्रमितले आफ्नो सङ्क्रमण अवस्थाबारे थाहा पाउने, तीमध्ये ९५ प्रतिशतको औषधि उपचारमा पहुँच हुने र ती औषधि खानेमध्ये ९५ प्रतिशतको शरीरमा भाइरसको भार (भाइरल लोड) न्यून हुनुपर्ने भनिएको छ ।

सरकारले हाल ६४ जिल्लाका ९६ एआरटी केन्द्रहरुबाट एन्टिरेट्रोभाइरल उपचार निःशुल्क उपलब्ध गराउँदै आएको छ । देशका सबै जिल्लामा आमाबाट बच्चामा हुन सङ्क्रमण रोकथाम (पिएमटीसिटी) सेवा, पिएमटीसिटी कार्यक्रमा सञ्चालनमा छ जसअन्तर्गत स्वास्थ्य संस्थामा गर्भवतीमा एचआइभी निःशुल्क जाँच सुविधा छ ।

विश्वमा एड्सको अवस्था सन् २०२४ को अन्त्यसम्म संसारमा चार करोड आठ लाख व्यक्तिमा एचआइभी सङ्क्रमित रहेको अनुमान छ । विश्वमा हरेक दिन तीन हजार ६०० मानिस एचआइभी सङ्क्रमित हुने गरेका छन् । यस वर्ष ‘अवरोध पार गरौँ, एड्स प्रतिकार्य रुपान्तरण गरौँ’ भन्ने नाराका साथ ३८औँ विश्व एड्स दिवस मनाइँदैछ ।रासस

### ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आज उर्जा बढ्ने भएकाले काममा उत्साह देखिन्छ । |
| वृष : | आज मनमा हल्का तनाव आउन सक्छ तर नियन्त्रण गर्न सकिने दिन हो । |
| मिथुन : | नयाँ काम सुरु गर्न अनुकूल समय छ । |
| कर्कट : | भावनात्मक उतारचढाव देखिन सक्छ । |
| सिंह : | आज नेतृत्व क्षमता प्रष्ट देखिन्छ । जागिरमा नयाँ अवसरको संकेत छ । |
| कन्या : | आज केही काममा ढिलाइ हुन सक्छ । धैर्यले अघि बढे सफलता नजिकै छ । |
| तुला : | आज मन हलुका र सकारात्मक रहनेछ । नयाँ काम सुरु गर्न उपयुक्त दिन हो । |
| वृश्चिक : | आज आफ्नो क्षमतामा विश्वास बढ्नेछ । |
| धनु : | उत्साह र आत्मविश्वास उच्च रहनेछ । काममा प्रशंसा पाइनेछ । |
| मकर : | आज जिम्मेवारी बढ्ने दिन हो । काममा व्यस्तता देखिन सक्छ । |
| कुम्भ: | आज नयाँ योजना बनाउने समय उपयुक्त छ । काममा सफलता देखिन्छ । |
| मीन : | आज कल्पनाशक्ति र सृजनशीलता बढ्नेछ । |

गुरुजीसङ्ग जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

### महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३० बजे
दिउँसो :- ११:४६ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# ‘लैङ्गिक हिंसा कम गर्न सबैको सामूहिक प्रयास आवश्यक’



काठमाण्डु । प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले लैङ्गिक हिंसा कम गर्न सरोकारवाला सबै पक्षको सामूहिक प्रयास आवश्यक रहेको बताउनुभएको छ ।

‘प्रविधिको सही प्रयोग गरौँः लैङ्गिक हिंसा अन्त्य गरौँ’ नारा र ‘लैङ्गिक हिंसारहित प्रविधि, सुरक्षा तथा न्यायको विधि’ नेपाल प्रहरीको नारासहित नेपाल प्रहरीको प्रधान कार्यालयमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानका अवसरमा आइतबार आयोजित समारोहलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, “महिला तथा बालबालिकामाथि भएका हिंसाका तथ्याङ्कले सबैलाई गम्भीरतापूर्वक सोच्न बाध्य बनाएको र यस्ता हिंसाले व्यक्ति, परिवार तथा समाजलाई समेत असर गर्ने भएकाले लैङ्गिक हिंसा न्यूनीकरण सम्बोधन गर्न सरोकारवाला सबै पक्षको सामूहिक प्रयास आवश्यक छ ।”

आर्थिक वर्ष २०८१/८२ को लैङ्गिक हिंसाको वार्षिक तथ्यपत्र सार्वजनिकीकरण गर्दै प्रहरी महानिरीक्षक कर्कीले लैङ्गिक हिंसा न्यूनीकरणमा उल्लेखनीय भूमिका निर्वाह गर्नुहुने प्रहरी कर्मचारीलाई प्रशंसापत्र तथा नगद पुरस्कारसमेत प्रदान गर्नुभयो । बहुआयमिक रूप र बहुपक्षीय असर बोकेको लैङ्गिक हिंसाको सम्बोधन पनि बहुआयमिक सहकार्य तथा समन्वयबाट मात्रै सम्भव हुने उल्लेख गर्दै उहाँले यसका लागि रणनीतिक योजना तर्जुमा, सफल अनुसन्धान, पीडित सहायताका लागि समाज एवम् सबै सरोकारवाला निकायबाट प्राप्त निर्देशन, रायसुझाव, सल्लाह तथा सहयोगप्रति कृतज्ञतासमेत व्यक्त गर्नुभयो ।

लैङ्गिक हिंसा न्यूनीकरणको क्षेत्रमा नेपाल प्रहरीसँग सहकार्य र समन्वय गर्दै आइरहेका विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय निकाय, सङ्घसंस्था र सरोकारवाला संस्थाको भूमिकाको प्रशंसा गर्दै प्रहरी महानिरीक्षक कार्कीले आगामी दिनमा अझ प्रभावकारी समन्वय, सहकार्य र सहयोगमा निरन्तरताको अपेक्षा रहेको बताउनुभयो । रासस

# १२ बुँदे घोषणापत्र जारी गर्दै हिंसा प्रभावित अग्रणी महिलाको राष्ट्रिय सम्मेलन सम्पन्न

काठमाण्डु । महिला हिंसा विरुद्धको १६ दिने अन्तरराष्ट्रिय अभियानको अवसरमा काठमाडौँमा आयोजित दुईदिने हिंसा प्रभावित महिलाको अग्रणी राष्ट्रिय सम्मेलन १२ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ ।

महिला पुनःस्थापना केन्द्र (ओरेक) को आयोजनामा शनिबारदेखि सुरु भएको सम्मेलनले आइतबार घोषणापत्र जारी गर्दै संवैधानिक व्यवस्था कार्यान्वयन र बढ्दो हिंसा न्यूनीकरणका लागि प्रभावकारी कार्यसम्पादनका लागि सरकारको ध्यानाकर्षण गरिएको छ ।

नेपालको संविधानले समानताको अधिकारलाई मौलिक हकको रूपमा व्यवस्था गरेको १० वर्ष भइसक्दा अधिकार स्थापित हुन सकेको भन्दै महिलाहरू अझै नागरिकता, जन्मदर्ता, विवाह दर्ता जस्ता आधारभूत कागजातका लागि परिवार र पुरुष सदस्यमा निर्भर रहनुपर्ने अवस्थाको अन्त्य गर्न कानुनी प्रावधान सुधारको माग गरिएको छ । समानताको अधिकार कार्यान्वयनको अभावमा प्रभावित महिला, तिनमा आश्रित छोराछोरीको भविष्य निर्माणमा समस्या र हिंसा भोग्ने अवस्था कायमै रहेकाले कानुनी सुधार र सामाजिक रूपान्तरणको अभियान सञ्चानका लागि आग्रह गरिएको छ ।

हाल हिंसापीडित महिलाको न्यायमा पहुँच कठिन रहेकाले सङ्घदेखि स्थानीय तहसम्मका कानुनी सेवा, कोष र संयन्त्रको प्रभावकारी, पहुँचयोग्य र प्रभावित केन्द्रित सेवा सुनिश्चितताको माग गरिएको छ ।




सम्मेलनले ‘जेनजी’ प्रदर्शनका क्रममा जेलबाट बाहिरिएका कैदीहरूका कारण हिंसा प्रभावित महिलाहरू थप जोखिममा परेको, अदालतका कागजात नष्ट हुँदा न्यायमा असर परेको र महिला मानवअधिकार रक्षकहरूसमेत सुरक्षा जोखिममा रहेको भन्दै सरकारलाई तत्काल विशेष सुरक्षा व्यवस्था मिलाउन अनुरोध गरिएको छ ।

समुदाय तहमा रहेका एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (ओसिएमसी) र सुरक्षावास जस्ता सेवा प्रदायक संयन्त्रलाई अत्यावश्यक सेवाको रूपमा विकास गर्दै पर्याप्त स्रोत र सहज पहुँच सुनिश्चित गर्न माग गरिएको छ । हाल हिंसापीडित महिलाले प्रमाण जुटाउने जिम्मेवारी आफैँले बोक्नुपर्ने बाध्यकारी अवस्थाको अन्त्य गरी प्रमाण सङ्कलन र न्यायिक प्रक्रियामा राज्यका निकायलाई जिम्मेवार बनाउने गरी नीतिगत व्यवस्थाको माग गरिएको छ ।

यसैगरी पछिल्लो समय सामाजिक सञ्जालबाट हुने हिंसा बढिरहेकाले जिल्लास्तरमै छिटो र प्रभावकारी सेवा दिने संयन्त्र स्थापना गर्न माग गरिएको छ । घरेलु हिंसा र जातीय विभेदका कारण हुने हिंसा, हानिकारक प्रथा र परम्पराबाट सृजना हुने हिंसा कानुनी प्रक्रियाभन्दा आपसी मेलमिलापमा लैजाने प्रवृत्तिका कारण धेरै महिला आत्महत्या गर्न बाध्य भएको उल्लेख गर्दै यस्तो प्रवृत्ति अन्त्यका लागि आवश्यक कानुनी संशोधनको आवश्यकता औँल्याइएको छ ।

घोषणापत्रमा भनिएको छ, “हिंसा प्रभावित महिलालाई प्रभावकारी सेवा प्रदान गर्न परिवारको साथ, समर्थन र व्यवहारको महत्वलाई स्वीकार गर्दै, परिवारका सदस्यलाई घटनामा सहयोग गर्ने, जिम्मेवारी बोध गराउने र मनोबल बढाउने पारिवारिक परामर्श तथा परिवार लक्षित कार्यक्रम निर्माण गर्न सरकारलाई आग्रह गर्दछौँ ।” यसका साथै महिलालाई आर्थिक रूपमा सशक्त बनाउन सीप, शिक्षा, उमेर र रुचीअनुसार उद्यमशीलता तथा व्यावसायिक अवसरलाई विस्तार, ऋण तथा सीप विकासका कार्यक्रम उपलब्ध गराउन माग गरिएको छ । साथै, पीडक पक्षको राजनीतिक संरक्षण, धम्की र झन्झटिलो न्यायिक प्रक्रियाले पीडितहरू ‘होस्टाइल’ बन्ने र यस्तो परिस्थितिमा महिलालाई नै दोष दिने संस्कृतिको अन्त्य गर्न आग्रह गरिएको छ । “महिलाको श्रम, शरीर र पहिचानमाथि परिवार तथा समाजले गर्दै आएका नियन्त्रणका कारण हिंसा कायम रहँदै आएको यथार्थलाई स्वीकार्दै, महिलाको श्रम, शरीर र पहिचानमाथि स्वनिर्णय लिन सक्ने वातावरण निर्माण गर्न राज्यसँग माग गर्दछौँ”, घोषणापत्रमा भनिएको छ ।

यसैगरी हिंसाले महिला र उनीहरूको सन्तानमा पर्ने मानसिक असरलाई ध्यानमा राख्दै समुदाय तहमै मनो-परामर्श केन्द्रहरू स्थापना गर्न, हिंसा प्रभावित महिलाको नेतृत्व स्वीकार गरिनुपर्ने र विभेदकारी दृष्टिकोण समाप्त हुनुपर्ने जिकिर गरिएको छ । आफ्ना माग पूरा नभए आन्दोलनमा जाने र सरकारका सकारात्मक कदमलाई समुदायसम्म पुर्‍याउन सहयोग गर्ने प्रतिबद्धतासमेत व्यक्त गरिएको छ ।

सातवटै प्रदेशबाट एक सयभन्दा बढी अगुवा महिलाको सहभागिता रहेको सम्मेलनले उनीहरूको सामूहिक सञ्जाल निर्माण गरी थप कार्यक्रम अगाडि बढाउने निष्कर्ष निकालेको ओरेकका संस्थापक डा रेणुराज भण्डारीले बताउनुभयो ।रासस

# आफन्त र नाताबाटै महिलाहरू बढी यौनजन्य हिंसामा

काठमाण्डु । नेपाल प्रहरीको तथ्याङ्कले आफन्त र नाता पर्नेहरूबाटै महिला बढी हिंसामा पर्ने गरेका देखिएको छ । प्रहरी प्रधान कार्यालयले महिला हिंसाविरुद्धको १६ दिने अभियानका क्रममा आइतबार वार्षिक तथ्यपत्र सार्वजनिक गर्दै उक्त जानकारी दिएको हो ।

नेपाल प्रहरीको अपराध अनुसन्धान विभागकी प्रहरी उपरीक्षक बसुन्धरा खड्काले ९१ प्रतिशत यौनजन्य हिंसा आफन्त र नातेदारबाटै भएको पाइएको तथ्यपत्रबारे प्रस्तुतीकरण दिनुभयो । उहाँले घरेलु हिंसाको दर पनि अत्याधिक रहेकाले आफैँ र घरपरिवारबाट सुधार हुन जरुरी रहेकामा जोड दिनुभयो ।



प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला बालबालिका तथा ज्येष्ठ नागरिक निर्देशनालयद्वारा आज प्रधान कार्यालय नक्सालमा आयोजित कार्यक्रममा नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले हिंसाका घटना बढ्नुका साथै अझै उजुरी दिने क्रम पनि बढेको बताउनुभयो ।पहिले महिलाहरू हिंसा लुकाएर राख्ने गरेकामा विस्तारै खुल्दै गएकाले पनि हिंसाका उजुरी बढिरहेको उहाँले उल्लेख गर्नुभयो । यो तथ्याङ्कले अझै पनि सामूहिक प्रयासमार्फत हिंसा न्यूनीकरणमा लाग्न हामी सबै एकजुट हुनुपर्छ भन्ने देखाएको उहाँको भनाइ छ ।

महानिरीक्षक कार्कीले अनुसन्धान र कारबाही जारी रहे पनि अपराधका घटनाको गति नरोकिएकामा चिन्ता प्रकट गर्दै त्यसतर्फ हामी सबैले प्रयास गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । “पढेलेखेकै मान्छेमाथि र पढेलेखेकै मान्छेबाट हिंसाका घटना भइरहेका छन्, त्यसैले शिक्षा प्रणालीमा सभ्यताको विषयसम्बन्धी पाठ्यसामग्री राख्न जरुरी देखिएको छ, यसतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्छ”, उहाँले भन्नुभयो ।

विभागकी प्रहरी उपरीक्षक खड्काले सूचना प्रविधिको विकाससँगै हिंसाका घटनामा बढोत्तरी भएको उल्लेख गर्दै यसलाई रोक्न प्रहरी एक्लैले नसक्ने धारणा राख्नुभयो । आर्थिक समस्या र परनिर्भरताका कारण अझै पनि महिला प्रहरीमा उजुरी दिन डराइरहेकोतर्फ सबै सचेत हुनुपर्नेमा उहाँले जोड दिनुभयो । प्रहरी उपरीक्षक खड्काले हिंसा रोक्न र भइहाले न्याय दिलाउन समाज, व्यक्ति, राजनीतिक दल, सरोकार भएका निकायलगायत सङ्घसंस्थाको सहकार्य र समन्वयको खाँचो औँल्याउनुभयो । अहिले प्रहरीले देशभरका २६० युनिटबाट महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसम्बन्धी सेवा प्रदान गरिरहेको उहाँले जानकारी दिनुभयो ।

कार्यक्रममा स्वास्थ्य सेवा विभागकी उपसचिव कविता अर्यालले महिला हिंसाबाट कुनै प्रदेश र कुनै उमेर समूह अछुतो नरहेको बताउँदै नातागोताबाटै हिंसा हुनु अति चुनौतीपूर्ण विषय भएको उल्लेख गर्नुभयो । अहिले पनि २८ प्रतिशत मात्रै पीडित महिला ‘हिंसा भयो’ भनेर मद्दत माग्न आउने गरेका जनाउँदै उहाँले बाँकी समाजमा लुकेर रहनु डरलाग्दो विषय भएको बताउनुभयो ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव मिलन भट्टराईले अभियानका रूपमा नभइ हिंसारहित समाज निर्माणका लागि आवश्यक सहकार्य र समन्वय हुनुपर्नेमा जोड दिँदै न्यायको पहिलो ढोका प्रहरी भएकाले प्रहरीको भूमिका बढाउनुपर्ने उल्लेख गर्नुभयो ।गृह मन्त्रालयकी उपसचिव मीना अर्यालले महिलामाथि हुने हिंसा बढिरहेका भन्दै समीक्षा गरी न्यूनीकरणमा लाग्न सबैमा आग्रह गर्नुभयो । प्रविधिले थप चुनौती थपिरहेको उल्लेख गर्दै उहाँले आवश्यक रणनीति बनाएर अघि बढ्न जरुरी रहेको बताउनुभयो ।

राष्ट्रिय महिला आयोगकी रोशनीदेवी कार्कीले ‘खबर गरौँ ११४५’ अभियान सञ्चालन गरिएको जानकारी दिँदै हिंसाका घटनामा ‘होस्टाइल’ हुने समस्या विकराल रहेको उल्लेख गर्नुभयो । त्यसैले प्रभावितमैत्री सेवा दिन आवश्यक रहेको उहाँको भनाइ थियो ।रासस

# एमालेको ११ औँ महाधिवेशनको लोगो सार्वजनिक

काठमाण्डु । नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले पार्टीको आशन्न ११औँ राष्ट्रिय महाधिवेशनको प्रतीक चिन्ह (लोगो) सार्वजनिक गर्नुभएको छ ।

एमालेको महाधिवेशन प्रचार समितिद्वारा आइतबार पार्टी कार्यालय, च्यासलमा आयोजित कार्यक्रममा पूर्वप्रधानमन्त्री समेत रहनुभएका अध्यक्ष ओलीले सो लोगो सार्वजनिक गर्नुभएको हो ।

पार्टीका सचिव एवं प्रचार समितिका संयोजक पद्मा अर्यालले उक्त लोगो पार्टीको इतिहास, आन्दोलन र संकल्पको कलात्मक रुप भएको बताउनुभयो । लोगोमा राष्ट्रिय झन्डा, धरहरा, पाँच तल्ले दरबार, पार्टीको निर्वाचन चिन्ह आदिलाई बहुभाषिक रूपमा संयोजन गरिएको छ ।




कार्यक्रममा पार्टीका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललगायत पदाधिकारीको उपस्थिति थियो । सोही अवसरमा महाधिवेशनकेन्द्रित जिङ्गल पनि सार्वजनिक गरियो । यही मङ्सिर २७ देखि २९ गतेसम्म काठमाडौँमा हुने महाधिवेशनका लागि यही मङ्सिर १३ गते मातहतका कमिटीमा प्रतिनिधि छनोट सकिएको छ ।रासस

# नेपालका तीर्थस्थलको भारतमा प्रचारप्रसार गर्न दुवै देशका ब्राह्मणले सहयोग गर्ने

काठमाण्डु । नेपालका तीर्थस्थलहरूको पहिचान एवं व्याख्यान गरी भारतमा प्रचारप्रसार गरेर भारतीय धार्मिक पर्यटक भित्र्याउन दुवै देशका ब्राह्मणले सहयोग आदानप्रदान गर्ने भएका छन् । विश्वभर फैलिएका वैदिक सनातन हिन्दू धर्मावलम्बीको पवित्र तीर्थस्थल पशुपति क्षेत्रमा आइतबार सम्पन्न ब्राह्मण अन्तरराष्ट्रिय सम्मेलनले नेपालको धार्मिक पर्यटन प्रवर्द्धनमा दुवै देशका ब्राह्मणले सहकार्य र समन्वय गर्ने भएका हुन् ।



ब्राह्मण अन्तरराष्ट्रिय सङ्गठन ट्रष्ट नेपाल शाखाको आयोजनामा सम्मेलन गरिएको हो । सम्मेलनले आज जारी गरेको घोषणा एवं सङ्कल्पमा विश्वभरका जन्मना र कर्मणा ब्राह्मण एक भई सनातन संस्कार र संस्कृतिको संरक्षणमा ऐक्यबद्धता कायम गर्ने भएका छन् ।

विश्वभरका ब्राह्मणको ज्ञान, विज्ञान र कर्मलाई आ-आफ्नो मुलुकको सत्शासन व्यवस्थामा प्रयोग गरी सनातन जीवन पद्धतिका माध्यमबाट विश्व शान्ति कायम गने अभियान चलाइने घोषणा प्रा डा माधवप्रसाद पाण्डेयले गर्नुभयो । विश्वभरका ब्राह्मणलाई एउटै छातामुनि ल्याउने, धेरै ब्राह्मणको बसोबास रहेको नेपाल र भारतबीच रोटीबेटीको सम्बन्ध रहेकाले दुवै देशको धार्मिक पर्यटन प्रवर्द्धनमा यसलाई उपयोग गर्ने घोषणा भएको छ ।

वैदिक सनातन समाज व्यवस्थापनलाई सर्वोपरी मानी वैदिक शासन पद्धति, वैदिक कृषि पद्धति, वैदिक यज्ञ विधान, वैदिक कर्म पद्धतिलगायत विषयमा अध्ययन, अनुसन्धान गराई समाज विकासमा लगाइने भएको छ । आदिम सनातन वैदिक भूमि नेपालबाट विश्वबन्धुत्वको भावनालाई चरितार्थ गराउन मानवीय सेवा कार्यलाई विस्तार गरिने भएको छ ।

प्राचीन ग्रन्थ वेद, पुराण, उपनिषद् लगायत सत् ग्रन्थहरुको संरक्षण गर्दै विभिन्न भाषामा अनुवादसमेत गराएर सनातन धर्मको प्रचारमा सहयोग पुर्‍याइने भएको छ । नेपाल, भारत तथा सनातन धर्मावलम्बीको बसोबास रहेको अन्य देशमा गाईको संरक्षण गरिने भएको छ । गुरुकुलीय शिक्षा पद्धतिको अभियानलाई पनि अघि बढाइने राष्ट्रिय धर्मसभा नेपालको अध्यक्षसमेत रहनुभएका पूर्वनायब बडा गुरुज्यु डा माधव भट्टराईले बताउनुभयो ।

नदी, नाला, खोला, कुवा, धार्मिक, सांस्कृतिकस्थल संरक्षण गरी प्राकृतिक पर्यावरण जोगाउने अभियानसहित वैदिक यज्ञ एवं उपासना विधिविधानको प्रचारप्रसार गराउने घोषणा पनि विश्वभरका ब्राह्मणले गरेका छन् । रासस

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान

प्रादेशिक अस्पताल

जनकपुरधाम, धनुषा

सच्याइएको सूचना

सूचना प्रकाशित मितिः २०८२।०८।१५

मिति २०८२/०८/१४ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकाको पृष्ठ ५ मा प्रकाशित बोलपत्र स्वीकृत गर्ने आशयको सूचनामा सूचना प्रकाशन मिति 8 September 2025 र ठेक्का नं. MIHS/NCB/GOODS/2082-083/04 हुनुपर्नेमा भुलवश अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

अस्पताल निर्देशक

रजि नं. २१४/१९/०५८ "कर्म नै पुजा हो सेवा नै धर्म हो" पान नं. ३०२५५८७२६

सहकारी ऐन २०४८ अन्तर्गत स्थापित

सारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड

SARA saving and credit co-opretive Ltd


जनकपुरधाम-०९, रामानन्द चौक

२४औं साधारण सभाको कार्यक्रम सम्बन्धी सूचना

२०८२/०९/०५ गते शनिवार

समय विहान ८:०० बजे देखि

| समय | कार्यक्रम | कसले गर्ने/गराउने |
|---|---|---|
| ८:००-९:०० | सदस्यहरुको उपस्थिति/रजिष्ट्रेशन तथा चिया नास्ता | मो.कासिम/लक्ष्मी कु कर्ण |
| ९:००-९:१५ | अध्यक्ष,संचालकहरु तथा आमन्त्रित उपस्थित महानुभावहरुको आसनग्रहण | उदघोषकः- श्री मनोज कु महतो /श्री मिथिलेश कु यादव |
| ९:१५-९:२० | पानसमा बत्ती बाली उद्घाटन तथा फूलमाला अर्पण | अध्यक्ष/संचालक/अन्य महानुभावहरु |
| ९:२०-९:३० | स्वागत मनतव्य | उपाध्यक्षः-श्री राम चरित्र ठाकुर |
| ९:३०-१०:०० | २४औं साधारण सभाको सफलताको लागि शुभकामना मन्तब्य | विभिण महानुभावहरु |
| १०:००-१०:१५ | संचालक समितिको तर्फबाट अध्यक्षज्यू बाट संस्थाको २०८१/०८२ को वार्षिक प्रतिवेदन प्रस्तुति तथा अनुमोदन | अध्यक्षः-श्री राधा प्र. यादव |
| १०:१५-१०:२५ | लेखासुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुति,छलफल तथा अनुमोदन | ले.खा. संयोजक श्री चन्द्र किशोर सिहं |
| १०:२५-१०:४५ | आ.व.२०८१/०८२ को लेखा परिक्षकको प्रतिवेदन प्रस्तुति, छलफल तथा अनुमोदन | कोषाध्यक्षः-श्री मिथिलेश कु. यादव |
| १०:४५-११:०० | आ.व.२०८१/०८२ को वार्षिक वजेट तथा कार्यक्रम प्रस्तुती छलफल तथा अनुमोदन | सचिवः-श्री मनोज कु. महतो |
| ११:००-११:०५ | आ.व.२०८२/०८३ को लागि लेखा परीक्षकको नियूक्ति र पारिश्रमिक तोक्ने | सचिवः-श्री मनोज कु. महतो |
| ११:०५-११:१० | लाभांश वितरण वारे (जानकारी) | सचिवः-श्री मनोज कु. महतो |
| ११:१०-११:१५ | साधारण सभा बाट आउने सल्लाह सुझाव | उदघोषक |
| ११:१५-११:२० | विनियम पुर्णलेखन तथा कार्यविधि संशोधण | सचिवः-श्री मनोज कु. महतो |
| ११:२०-११:३० | साधारण सभा बैठकको निर्णय प्रमाणित गर्ने प्रतिनिधीहरुको चयन | सचिवः-श्री मनोज कु. महतो |
| ११:३०-११:४५ | अध्यक्षज्यू को मन्तब्य, धन्यवाद ज्ञापन र समापन को साथै निर्वाचन उप समितिलाई मञ्च हस्तान्त्रण | अध्यक्षः-श्री राधा प्र. यादव |
| ११:४५-१२:०० | निर्वाचण सम्बन्धि कार्यक्रम | निर्वाचन उप समिति |
| | सहभोज | सबै सदस्यहरु |



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# लागूऔषध नियन्त्रण गर

नेपालमा लागूऔषध दुर्व्यसनीको संख्या दिनानुदिन बढ्दो छ । सम्भ्रान्त अथवा विपन्न वर्गमा मात्र नभइ सबै वर्गमा लागूऔषधको सेवन बढेको छ। भारतबाट अवैध रुपमा ल्याइने लागूऔषध नेपालको विभिन्न सहरहरुमा पुऱ्याउन थालिएको छ। सीमाक्षेत्रबाट लागूऔषध खरिद गरी नेपालमा भित्र्याउन थुप्रै समूह र व्यक्ति लागेको देखिन्छ। लागूऔषध दुर्व्यसनीको संख्या बढेसंगै अनेक प्रकारको अपराधमा वृद्धि भएको बुझिन्छ। नाबालिगदेखि वृद्धवृद्धासम्म लागूऔषधको सेवन र ओसारपसारमा संलग्न रहेको प्रहरीको तथ्यांक छ। भारतीय सीमाबाट नेपाल ल्याइने लागूऔषध सीमावर्ती क्षेत्रसहित देशको विभिन्न भागहरुमा पुऱ्याइन्छ। भारतमा सस्तो दरमा पाइने लागूऔषध नेपालमा चर्को मुल्यमा बिक्री हुने गरेको छ। लागूऔषधको धन्धामा संलग्न रहेकाहरुले देशको विभिन्न भागमा पुऱ्याएर मोटो रकम कमाउने गर्छन्। तर त्यसले ठूलो संख्यामा नेपालीहरु कुलतमा फसिरहेका छन्। लागूऔषधको सेवन गर्नेहरुले समाजमा अराजकता सृजना गर्न थालेका छन्। लागूऔषध सेवन गरेकाहरुलाई सामाजिक मर्यादा, कानुनको डर नै हुँदैन। उनीहरुले जस्तो सुकै अपराध गर्न उद्यत रहेको देखिन्छ। कयौँ जघन्य अपराधमा लागूऔषधका दुर्व्यसनीहरुको संलग्नता रहेको देखिन्छ। सानो चोरीदेखि हत्या, लुटपाटसम्मको अपराधमा लागूऔषध दुर्व्यसनीहरु संलग्न रहेको देखिन्छ। लागूऔषधले देशको किशोर र युवा जनशक्तिलाई बिगारिरहेको छ। अभिभावकहरुको नियन्त्रण बाहिर गएका त्यस्ता दुर्व्यसनीहरुले समाजका लागि घातक हुन थालेका छन्। लागूऔषध दुर्व्यसनीहरुको कारण असुरक्षाको अवस्था देखिएको छ। सुनसान, एकान्त अथवा राति मानिसहरु सहज रुपमा हिड्डुल गर्न सक्ने अवस्था रहेको छैन। लागूऔषध दुर्व्यसनीहरुको संख्या बढेसंगै टोल र सडक असुरक्षित हुन थालेको छ। लागूऔषध ओसारपसार नियन्त्रणका लागि नेपाली सुरक्षाकर्मीहरु अत्यन्त सक्रिय रहेको देखिन्छ। भारतीय काउण्टरपार्टीसितको बैठकमा पनि नेपाली सुरक्षा अधिकारीहरुले लागूऔषध नियन्त्रणका लागि सहकार्यमा जोड दिने गर्छन्। तर पनि अपेक्षित रुपमा लागूऔषधन नियन्त्रण हुन सकिरहेको छैन। सीमा क्षेत्रमा कडा निगरानी आवश्यक छ। त्यसका लागि दुबै देशका सुरक्षाकर्मीले संयुक्त रुपमा कार्य गर्नुपर्छ। भारतको सीमावर्ती बजारहरुमा बिक्री गर्ने लागूऔषधलाई नियन्त्रण गर्न भारतीय अधिकारीहरु नै अग्रसर हुनुपर्छ। सीमाको निकट लागूऔषध बेचबिखन गर्ने समुहहरु निकै सक्रिय छन्। उनीहरुले नेपाली तस्कर अथवा लागूऔषध दुर्व्यसनीहरुलाई सजिलै लागूऔषध उपलब्ध गराउँछन्। भारतीय कारोबारीहरुले नेपाली सीमामा छिराउन समेत सहयोग गरेको पाइन्छ। त्यसकारण दुबै देशका अधिकारीहरुले नियन्त्रणको विषयमा ठोस रणनीति बनाएर अगाडि बढ्नुपर्ने आवश्यकता छ। नेपाली सुरक्षाकर्मीले भारततर्फ हुने तस्करीहरुलाई नियन्त्रणमा सहयोग गर्ने र भारतीय सुरक्षाकर्मीहरुले नेपाल तर्फ हुने तस्करी रोक्न सहयोग गर्ने वातावरण बन्नु पर्छ। यसमा दुबै देशका सुरक्षा निकायबीच समन्वय र सहकार्य आवश्यक छ।

# मधेशमा मधेश कृषि विश्वविद्यालयको अवस्था र अवसर



डा. श्रीभगवान ठाकुर

शिक्षा मानव जीवनको मौलिक अधिकार र आधार हो । यसले व्यक्तित्व विकास, सामाजिक समृद्धि ल्याउँछ । शिक्षा राष्ट्रिय विकासको मौलिक अवधारणा हो। यसले सामाजिक, आर्थिक, राजनैतिक तथा साँस्कृतिक विकासमा ठूलो योगदान प्रदान गर्दछ । त्यसैले भनिन्छ शिक्षा अन्धकारलाइ प्रकासमा परिणत गर्दछ तथा शिक्षामा गरिएको लगानी सर्वोतम प्रतिफल दिन्छ।

देशको समग्र आर्थिक विकासमा कृषि क्षेत्रको महत्वपूर्ण भुमिका रहेका तथ्य सर्वविदितै छ। निरन्तर वढदो जनसंख्याले खाद्यान्नको माँग दिनानुदिन वढदो छ भने जलवायु परिवर्तन तथा माटोको घटदो उर्वराशक्तिका कारणले समग्र कृषि क्षेत्रले भोग्न् परिरहेको समस्या प्रति चिन्तित हुनुपर्ने अवस्था छ परम्परागत खेती प्रणालीवाट वढदो खाद्यान्न माँगको चापलाई धान्न नसकिन्ने कुरा स्पष्ट छ।

मधेश प्रदेश नेपालकै कृषि केन्द्रको रुपमा चिनिन्छ। उपजाउ जमीन भरपर्दो जलश्रोत, सजहरुपमा उपलब्ध जनशक्ति, बजार पहुँचको कारण देशकै कृषि मेरुदण्डको रुपमा परिचित यस प्रदेशको कृषि क्षेत्रलाइ आधुनिक, व्यवसायिक एवं बैज्ञानिक रुपमा रुपान्तरण गर्ने उद्देश्यले र उच्च जनसंख्या भएको, कृषिको आधार तराई मधेशको क्षेत्रमा कृषि शिक्षा, अनुसंधान तथा विकास गर्न संघीय लोकतान्त्रिक गणतन्त्रको सोंच अनुसार राजनैतिक परिवर्तनसँगै कृषि विश्वविद्यालय स्थापनाको परिकल्पना भएको हो।

तसर्थ कृषि क्षेत्रमा एक्काईसौं शताब्दी अनुसारको आधुनिक कृषि प्रणालीमा जोड दिदैं बाली तथा पशुवस्तुको उत्पादकत्व बृद्धि, खाद्य तथा पोषण सुरक्षा, कृषकको जीवनस्तर सुर्धान, आर्थिक समृद्धि गर्न कृषि शिक्षाको व्यापकताको आवश्यकता अपरिहार्य रहेको छ।

**विश्वविद्यालयको अवधारणा:**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संबैधानिक व्यवस्था अनुसार प्रादेशिक व्यवथापनमा उँच्च स्तरीय कृषि जनशक्ति तयार गर्न कृषि, पशु तथा वन विज्ञान सम्बन्धी अध्ययन, अनुसंधान तथा विकासलाई समय सापेक्ष ब्यापक, व्यावहारिक र स्तरीय बनाउन देश र प्रदेशको एक मात्र मधेश कृषि विश्वविद्यालयको अवधारणा प्रथम पटक मधेश प्रदेश सरकारले राखेको हो।

**विश्वविद्यालयको परिचय:**

नेपालको मधेश प्रदेशको सप्तरी जिल्लाको राजविराज ३को सामुदायिक भवनको भाडाको घरमा २७ मंसिर २०७८ (सन्१३ डिसेम्बर २०२१) मा मधेश कृषि विश्वविद्यालय (ःबमजभकज ब्नचष्अगतिगचर्बा ग्लष्खभचकष्तथ, ःब) उदघाटन भई स्थापना भएको हो। यो मधेश प्रदेशको पहिलो स्वायत्त कृषि विश्वविद्यालय हो, जसलाई मधेश प्रदेश संसदले मधेश कृषि विश्वविद्यालय ऐन २०७९ (प्रदेश कृषि विश्वविद्यालय अध्यादेश २०७८) को रूपमा स्थापित गरेको छ।

यस विश्वविद्यालयले कृषि क्षेत्रमा शिक्षाको माध्यमबाट ज्ञान श्रृजना र दक्ष जनशक्तिको विकासका लागि आधारभूत विज्ञान र अनुसन्धानका लागि काम गर्दछ। यो मधेस कृषि विश्वविद्यालय कृषिको क्षेत्रमा उच्च शिक्षा, अनुसन्धान र विस्तारको लागि प्रमुख संस्थान हुने छ । यो प्रदेश गौरवको आयोजनाको रुपमा रहेको छ।

**विश्वविद्यालयको मुख्य उद्देश्य:**

विश्वविद्यालयले कृषिको आधुनिकीकरण गरी ग्रामीण जनताको सामाजिक र आर्थिक स्थितिमा सुधार गर्न कृषि क्षेत्रमा उच्च स्तरको शैक्षिक र दक्ष जनशक्ति उत्पादन गर्न अध्ययन, अध्यापन र अनुसन्धान सञ्चालन गर्नु मुख्य उद्देश्य रहेको छ।

**ध्येय:**

गुणस्तरीय कृषि शिक्षा, नवीन अनुसन्धान र कृषि क्षेत्रमा आवश्यकतामा आधारित प्रसारको माध्यमबाट राष्ट्र र प्रदेशको लक्ष्यमा योगदान पुऱ्याउन प्रतिबद्ध रहेको प्रमुख विश्वविद्यालयको रूपमा ख्याति हासिल गर्ने मधेस कृषि विश्वविद्यालयको ध्येय रहेको छ।

**परिकल्पना:**

विश्वविद्यालयको परिकल्पना कृषि शिक्षा, अनुसन्धान र कृषि, पशुपालन, मत्स्यपालन, खाद्य प्रविधि, वन र सम्बद्ध विषयहरूमा विकास गर्न सक्षम र गुणस्तरीय मानव संसाधन उत्पादन गर्नु रहेको छ।

**लक्ष्य:**

नेपाल र मधेस प्रदेशको समृद्धिको लागि गुणस्तरीय शिक्षा, अनुसन्धान र विस्तारको माध्यमबाट जनताको सामाजिक-आर्थिक अवस्थालाई उकास्ने कृषि, पशुपालन, जलस्रोत र वनको चौतर्फी विकास गर्नु विश्वविद्यालयको लक्ष्य रहेको छ।

**उद्देश्य:**

विश्वविद्यालयको उद्देश्य कृषि क्षेत्रमा गुणस्तरीय शिक्षा, अनुसन्धान र विकासका लागि आवश्यक पर्ने उच्च दक्ष जनशक्ति उत्पादन गर्ने रहेको छ।

**प्रगति**

विश्वविद्यालयले २०७८ मंशीर २७ को स्थापना पश्चात कार्यालय व्यवस्थापन तथा सम्बन्ध निर्माणमा निरनेतर रुपमा लागेको छ । स्थापनाको पाँच महिनासम्म पनि बजार कहि कतै उधारो नदिने परिस्थिति रहेको थियो । उक्त बेलासम्म राजविराज बजारमा कुन स्कुल हो, कुन विश्वविद्यालय अन्तर्गत हो, कहाँको मान्छेहरु हो त्यसमा धेरै टाउको दुखाइ भयो । पछि फेसबुक पेज, ब्रोसर तथा वेबसाइट बनाएर सँगसँगै नगर, प्रदेश तथा सँघका निर्वाचित, पदमा रहेका व्यक्तित्वहरु, ख्याति विद्वान तथा विज्ञहरुसँग विचार विमर्श तथा अवलोकन गराइ सामाजिक संजाल तथा वेबपेजमा राख्दै अलि प्रचार प्रसार भएको थियो । विश्वविद्यालय आफ्नो क्षमताभन्दा बढीको गतिमा शैक्षिक, प्रशासनिक, जग्गा व्यवस्थापन, भौतिक निर्माण, सम्पर्क, समन्वय, संजालीकरण, अनुसंधान तथा नीति निर्माण कार्य तिब्र रुपमा बढाएको थियो। तर २०८०को माघ पछि राजनैतिक तथा अन्य कारणहरुले विश्वविद्यालयको प्रगतिलाई कुण्ठित पार्ने प्रयास हुन थाल्यो। स्थापना भएको ४ वर्ष पुग्न लाग्दा मधेश प्रदेशको गौरवको परियोजनाले विभिन्न बाधा अवरोध राजनैतिक, सामाजिक तथा आर्थिक समस्याहरुका बावजुद विश्वविद्यालयमा भएको प्रगतिलाइ यहाँ उल्लेख गर्ने प्रयास गरिएको छ।

**ऐन, नियम, कार्यविधि निर्माण तर्फ**

प्रदेश कृषि विश्वविद्यालय अध्यादेश अनुसार बनेको प्रदेश कृषि विश्वविद्यालय विनियमावली २०७८लाई प्रतिष्थापन गरी मधेश कृषि विश्वविद्यालय नियमावली २०८०, परीक्षा संचालन, व्यवस्थापन नियमावली २०८०, कृषि स्नातक तहको भर्ना तथा कक्षा संचालन सम्बन्धी कार्यविधि २०७९, विषयगत करार सम्बन्धी कार्यविधि २०७९, शिक्षक सेवा करारमा भर्ना लिने सम्बन्धी कार्यविधि २०८०, कर्मचारी सेवा करारमा भर्ना लिने सम्बन्धी कार्यविधि २०८० विश्वविद्यालय सभाबाट पारित, नवप्रवर्तन अनुसंधान तथा विकास कोष व्यवस्थापन कार्यविधि २०८२ र विद्यार्थी कल्याण कोष व्यवस्थापन मश्यौदा कार्यविधि २०८२ कार्यकारी परिषदबाट पारित भइसको छ।

**शैक्षनिक तथा अनुसंधान कार्य तर्फ**

प्राज्ञिक कार्य आरम्भ गर्न २०७८ असारको अन्ततिर ४ वर्षे कृषि स्नातकको पाठयक्रम निर्माण गर्न विज्ञहरूको गोष्ठी आयोजना गरी भई नयाँ विषयहरु सहितको उत्कृष्ट पाठयक्रम तयार भएको र विद्यार्थी भर्ना सम्बन्धी कार्यविधि बनाइ प्रथम पटक २०७९ कार्तिकमा विद्यार्थी भर्ना खोलिएको थियो । हाल कृषि स्नातकको ३वटा व्याच संचालनमा रहेको छ र चौथो व्याचको प्रवेश परीक्षा भइसकेको छ। आफ्नै भौतिक पूर्वाधार निर्माण नभएसम्मका लागि हाल राजविराज नपा अन्तर्गत वडा नं. ३ मा अवस्थित श्री के अ मा वि को भवन भाडामा लिई केन्द्रिय कार्यालय स्थापना गरि चार वर्षे कृषि स्नातक तह (द्य. क्अ. ब्न. ज्यलक.) तीन ब्याचहरुको नियमित शैद्धान्तिक तथा प्रयोत्मक कक्षाहरु संचालनमा रहेको छ।

शैक्षिक, परीक्षा, अनुसंधान तथा प्रसार कार्य व्यवस्थित गर्न डीन कार्यालय, परीक्षा नियन्त्रणको कार्यालय र अनुसंधान निर्देशकको कार्यालय, पुस्तकालय, प्रयोगशाला तथा बाली परीक्षण स्थल राजविराज १३ कृषिनगरमा स्थापना भएको छ।

**जनशक्ति व्यवस्थापन तर्फ**



विभिन्न विषका विषय विज्ञहरुको रोष्टर तयार गरिएको छ । ११ जना विषयगत शिक्षक कोर्ष करारमा, ८ जना शिक्षक करारमा, डीन, परीक्षा नियन्त्रक र अनुसंधान निर्देशकको नियुक्ति भएको छ। कम्प्यूटर अपरेटर, कम्प्यूटर सहायक १,१ जना र ७ जना कार्यालय सहायक र ३ चालकहरु करारमा तथा थप जिम्मेबारीमा सहायक लेखापाल र काजमा नायव सुब्बा रहेका छन।

**सम्पर्क र समन्वय**

शिक्षा र अनुसंधान कार्यमा सहयोग र सहकार्य गर्न नेपाल कृषि अनुसंधान परिषद, डा राजेन्द्र प्र केन्द्रिय कृषि विश्वविद्यालय पुसा भारत, दीन दयाल विश्वविद्यालय गोरखपुर भारत, मुक्ति नाथ कृषि कम्पनी काठमाण्डौ, ःबलनय ब्कष्ब ल्भतधयचप सँग साझेदारी गर्न समझदारी पत्रमा हस्ताक्षर भएको छ।

**भौतिक निर्माण तर्फ**

राजविराज बजार देखि ७ किमी दूरीमा रहेको राजविराज नगरपालिका वडा नं. १३ स्थित कृषिनगर, विषहरियामा २६ बिघा ८ कठ्ठा १८ धुर जग्गा ४० वर्षका लागि लिजमा लिई १२ वटा भौतिक पुर्वाधारहरु (ब्मष्लष्कतचबतष्खभ दयिअप, म्भउबचतक्भलत दयिअप, ब्अबमभझष्अ दयिअप, द्ययथक मयचक्षतयचथ दयिअप, ऋभलतचर्बा बिद दयिअप, ध्यचपकजयउ दयिअप, ऋबलतभभल दयिअप, ख्ऋ त्रगबचतभच दयिअप, च्भनष्कतचबच दयिअप, व्च. कतबाा त्रगबचतभच, न्गबचम जयगकभ, त्यर्षभत दयिअप) निर्माण गर्न ठेक्का लागी २०८० माघ ८ गतेमा सिल्यान्यास भई निर्माणको कार्य अगाडी बढेको छ। निर्माणका लागि ठेक्का लागेका १२ वटा भवनहरु मध्ये ५ बटा भवनको सबै जगको कार्य भइ शैक्षिक भवन, ल्याब, होस्टेलको संरचनाको कार्य प्रगतिमा रहेको, प्रशासनिक भवनहरुको केही ब्लकको काम भइ केही भवन ढलानको अवस्थामा रहेको छ । निर्माण व्यवसायीको किस्तको रकम भुक्तानी नहुँदा निर्माण कार्यको गति सुस्त भएको छ।

**जग्गा तथा सवारी साधन**

सप्तरीको राजविराज १३मा २६ विगहा ८ कठा १८ धुर जग्गा प्राप्ति तथा अग्नीसाइर कृष्णसवरण गा.पा.मा १७ विगहा १७ कठा (मुख्य मं. तथा म.प.कार्यालयबाट पारित भई राष्ट्रिय प्राथमिकता प्राप्तिका लागि राष्ट्रिय योजना आयोगमा पेश भएको), रुपनी गा.पा. १२ विगहा (सिफारिस समिति राजविराजबाट सिफारिस भई भूमि व्य. तथा अभिलेख विभागमा गएको, मुख्य मं. तथा म.प.कार्यालयबाट पारित), महोतरीको बर्दिवास १३ मा ५१ विगहा ( सिफारिस समिति महोतरीबाट सिफारिस तथा मुख्य मं. तथा म.प.कार्यालयबाट पारित भई भूमि व्य. तथा अभिलेख विभागबाट भूमि व्यव मन्त्रालयमा गएको र बाराको सिमरौनगढ ८मा १४ विगहा जग्गा (सिफारिस समिति बाराबाट सिफारिस तथा मुख्य मं. म.प.कार्यालयबाट पारित भई भूमि व्य. तथा अभिलेख विभागबाट भूमि व्यव मन्त्रालयमा गएको छ। साथै गौशाला न.पा १०० विगहा (मधेश प्रदेश सरकार तथा गौशाला न.पा.मा अनुरोध , भूमि व्य. कृषि तथा सहकारी मन्त्रालयबाट सिफारिस भएको छ। यी जग्गाहरु संभवतः निकट भविष्यमा विश्वविद्यालयलाइ प्राप्त हुने विश्वास छ।

प्रदेश सरकारबाट एउटा बस प्राप्ति तथा एक थान कार खरीद भइ सचालनमा रहेको छ।

**उत्सव तथा विषेश दिवस**

१९ औ, २० औ र २१ औ राष्ट्रिय धान दिवस २०८० महोत्सव विद्यार्थीहरुसँग आफ्नै जग्गामा भएको, विश्वविद्यालयको तीनवटा वार्षिक उत्सव, विश्व वातावरण दिवस २ पटक, विश्व योग दिवस २ पटक, गुरु पुर्णिमा ३ पटक, सरस्वती तथा विश्वकर्मा पूजा साथै नयाँ विद्यार्थीलाई अभिमूखिकरण तथा स्वागत कार्यक्रम गर्ने गरिन्छ ।

**आर्थिक तथा वित्तीय सहयोगका लागि पहल**

मधेश कृषि विश्वविद्यालय प्रदेश गौरवको आयोजनामा सुचिकृत भइ विश्वविद्यालयको लागि प्रदेश सरकारबाट १ अर्व ४९ करोडको ५ वर्षे बहुवर्षिय योजना स्वीकृत ( श्रोतको सुनिश्चिता) भएकोमा आ.व.२०८२/०८३को वजेटमा भवन निर्माण तथा संचालन गर्न ४ करोड विनियोजित भएको छ।

**अनुगमन, सुपरिवेक्षण तथा अवलोकन भ्रमण**

विभिन्न समयमा स्थानीय सरकार, प्रदेश सरकार तथा संघीय सरकारका निकायहरुबाट अनुगमन तथा अवलोकन भ्रमण भएको छ।

**विश्वविद्यालयका संभावनाहरू**

हाल विश्वविद्यालयले कृषि महाविदयालय स्थापना गरी शैक्षिक वर्ष २०२२-२३ देखि विषयमा चार वर्षे स्नातक (अनर्स) पठन पाठन संचालन भइरहेको छ साथै उत्कृष्ट प्रतिस्पर्धात्मक र गुणस्तरीय स्नातक डिग्री पाठ्यक्रम तयार गर्न विभिन्न विषयका प्राध्यापक, शिक्षाविद्हरुसँग परामर्श जारी राख्दै ःब ले कृषक कल सेन्टर, कृषि फार्म, कृषि अनुसंधान अण्वेषण केन्द्र, बीउ उत्पादन तथा प्रसोधन इकाइहरू लगायतका संरच्नाहरु स्थापना गर्ने योजना बनाएको छ।

अतः नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुरुप मधेश प्रदेशमा शिक्षा क्षेत्रमा उँच्च शिक्षाका लागि ३ वटा विश्वविद्यालयहरु मध्ये दोश्रो विश्वविद्यालयको रुपमा मधेश कृषि विश्वविद्यालय को जन्म भई कृषि शिक्षा, अनुसधान तथा प्रसार क्षेत्रमा हुर्किदै गरेको मधेश र सप्तरीको धरोहरलाइ अनावश्यक हानी नोक्सानी तथा दुख नदिइ सबै तप्का, निकायबाट मल जल तथा लालन पालन खोजिरहेको छ। यो बगैचाको फूलबारीको बिभिन्न हाँगा बिंगाहरुमा फलफूल , बिउ उत्पादन तथा उप- उत्पादनहरु ल्याउन हामी सबै तह तप्काले सिंचाई, हेरचाह तथा राम्रो वातावरण प्रदान गर्नु पर्ने आजको टड्कारो आबश्यकता रहेको छ।

# "जनयुद्ध"को विरासतमा विराम लागेकै हो ?



सुदर्शन आचार्य

जेनजी आन्दोलनपछि देशको राजनीतिक धरातलमा विभिन्न परिदृश्य विकसित हुँदै गएका छन् । यस क्रममा कैयौं नयाँ दल गठन भएका छन् भने पुराना कतिपय दलबिच एकतासमेत भएको छ। विभिन्न असहमति जनाएर एकता प्रक्रियामा सामेल नभएकाहरू पनि संगठित भएर नयाँ दल निर्माण गरी अघि बढ्दै गरेको देखिन्छ।

नयाँ दल गठन, पुराना दलबिच एकता र पुनर्गठन आवश्यकता हो या बाध्यता भन्नेबारे पनि बहस भइरहेको छ। दलको नाम फेर्दैमा नेतृत्वका कमजोरीका कारण सिर्जित समस्या समाधान हुन्छ भन्ने ग्यारेन्टी राजनीतिक इतिहासमा कतै पाइँदैन। बरु यस्ता अभ्यासलाई विगतका कमजोरी ढाकछोप गर्दै परिवर्तित सन्दर्भमा फेरि जनता-कार्यकर्ताको आँखामा छारो हाल्न नयाँ स्वरुपमा पुरानै प्रवृत्तिको पुनरागमनको सिलसिलाका रूपमा पो हेर्नुपर्ने हो कि ! यसका लागि सम्बन्धित दलका सिद्धान्त, प्रतिबद्धता आदिको लेखाजोखा गर्न जरुरी हुन्छ।

एकता र पुनर्गठनको यो प्रक्रियामा ३ दशक लामो राजनीतिक इतिहास बोकेको 'माओवादी' धारको अस्तित्व लोप भएको अनुभूति भएको छ। २०५२ सालमा जनयुद्ध सुरु गरे यता माओवादी धारको नेतृत्व गर्दै आएका पुष्पकमल दाहाल 'प्रचण्ड' यही राजनीतिक ब्राण्डसहित तत्कालीन संसदवादी सात राजनीतिक दलसँग १२ बुँदे समझदारी गर्दै २०६२/०६३ को जनआन्दोलनलाई सफल तुल्याउने भूमिकामा मात्र होइन, पहिलो संविधान सभा निर्वाचनमा देशकै सबैभन्दा ठुलो राजनीतिक शक्तिको प्रमुख नेताका रूपमा स्थापित भए। त्यस यता उनी विभिन्न समयमा तीन पटक सरकारको नेतृत्व गर्न सफल भए।

जेनजी आन्दोलनपछिको परिवर्तित अवस्थामा पुराना नेतृत्वमाथि निरन्तर प्रश्न उठिरहेको सन्दर्भमा प्रचण्ड, साविकको नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले पार्टी एकतालाई विकल्पको रूपमा प्रयोग गर्दै कुनै न कुनै रूपमा नेतृत्वमै रहने बाटो रोजेको धेरैको आकलन छ। उनीहरूले विभिन्न कम्युनिस्ट घटकबिच एकता गरी 'नेपाली कम्युनिस्ट पार्टी' नाम गरेको दल गठन गरेका छन्।

यस क्रममा प्रचण्डले तीन दशक पुरानाको आफ्नो राजनीतिक ब्राण्ड 'माओवादी'मात्र त्यागेनन्, आफूलाई राजनीतिक रूपमा स्थापित गरेको 'जनयुद्ध'लाई समेत नवगठित पार्टीको घोषणापत्रमा स्थान दिएनन्।

नेपाली कम्युनिस्ट पार्टीको घोषणापत्रमा 'जनयुद्ध' शब्द कतै समावेश छैन। जबकि साविकको नेकपा माओवादी केन्द्र सबैभन्दा ठुलो राजनीतिक दलका रूपमा एकता प्रक्रियामा सामेल हुँदै विभिन्न कम्युनिस्ट घटकका साथ नेपाली कम्युनिस्ट पार्टी गठन गरिएको हो। २०७४ सालको निर्वाचनका लागि जारी गरिएको घोषणापत्रमा पनि प्रचण्डले 'जनयुद्ध' शब्दलाई स्थान दिएका थिएनन्। नेकपा एमालेसँग एकताको समझदारीसहित चुनावी तालमेल गर्ने क्रममा उनले त्यो 'लचकता' अपनाएका थिए। सर्वोच्चको फैसला अनुसार पार्टी एकता टिक्न नसकेपछि साविककै अवस्थामा फर्किएपछि प्रचण्डले फेरि 'जनयुद्ध'को स्वामित्व ग्रहण गरे पनि अहिले त्यसबारे मौन रहँदै नयाँ दल गठन गरेका हुन्।

प्रचण्डको नेतृत्व र कार्यशैलीमाथि पछिल्लो समय पार्टीभित्र प्रश्न उठाउने, फरक मत दर्ज गर्दै नेतृत्व र कार्यकर्तापंक्तिलाई घचघच्याउँदै आएका जनार्दन शर्मासहितका नेताहरू यो एकता प्रक्रियामा सहभागी भएनन्। साविकको नेकपा एकीकृत समाजवादीभित्र पनि फरक मत राख्दै आएका घनश्याम भुसालसहितकाले एकता प्रक्रिया स्विकारेनन्। बरु उनीहरू आफ्नै ढंगले नयाँ राजनीतिक शक्ति निर्माणको प्रक्रियामा सामेल भए।

सोही क्रममा माओवादी पृष्ठभूमिकै नेताहरू डा. बाबुराम भट्टराई, जनार्दन शर्मा, राम कार्की, सुदन किराती लगायतकाले प्रगतिशील लोकतान्त्रिक पार्टी गठन गरेका छन्। प्रगतिशील लोकतान्त्रिक पार्टीले मंसिर ७ गते सार्वजनिक गरेको आफ्नो संक्षिप्त राजनीतिक प्रतिबद्धतामा भने 'जनयुद्ध' शब्दलाई ५ ठाउँमा समेटेको छ।

शान्ति प्रक्रियाका कतिपय काम टुङ्ग्याउन बाँकी नै छ। सङ्क्रमणकालीन न्यायको विषयमा अन्योल छ। यस्तो अवस्थामा प्रचण्डले नयाँ दलमा 'माओवादी' राजनीतिक ब्राण्डमात्र होइन, 'जनयुद्ध'लाई समेत चटक्कै बिर्सिनु सामान्य विषय होइन। यसबाट जनयुद्धका सहिद, घाइते, बेपत्ता भएकाहरूको परिवारप्रति उनले कसरी न्याय गर्लान् भन्ने प्रश्न स्वाभाविक रूपमा उठेको छ।

अर्कोतिर प्रगतिशील लोकतान्त्रिक पार्टीले पछिल्लो समय राजतन्त्र फालेर नागरिक सर्वोच्चता सहितको व्यवस्था, समावेशी संघीय लोकतान्त्रिक गणतन्त्र ल्याउन मूलतः २०५२ सालमा स्थापित नेकपा माओवादी र जनयुद्धको योगदान रहेको तथ्यलाई आत्मसात् गरेको छ। लोकतान्त्रिक गणतन्त्रपछि स्थापित मधेसवादी दल र आदिवासी जनजाति आन्दोलनले देशमा संघीयता ल्याउन महत्त्वपूर्ण योगदान गरेको यो पार्टीको ठहर छ।

प्रचण्ड-माधवसहितको नेपाली कम्युनिस्ट पार्टीले भने संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना हुनुमा नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा सञ्चालित शान्तिपूर्ण र सशस्त्र संघर्षहरूको परिणामलाई आधार मानेको छ। नेपाली कम्युनिस्ट पार्टीको घोषणापत्रमा सबै कम्युनिस्ट घटकलाई 'नेपाल कम्युनिस्ट पार्टी'का नामले एउटै डालोमा राखिएको छ।

नेपाली कम्युनिस्ट पार्टीको घोषणापत्रमा भनिएको छ, 'नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा सञ्चालित शान्तिपूर्ण र सशस्त्र संघर्षहरूको परिणामस्वरुप मुलुकमा ठुलाठुला परिवर्तन भएका छन् र धर्मनिरपेक्षता, समानुपातिक समावेशिता, सामाजिक न्याय, शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र खाद्य सम्प्रभूता लगायतका मौलिक हकसहितका संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ।'

नेकपा एमालेले नेपाल कम्युनिस्ट पार्टीको मुख्य घटक आफू रहेको दाबी गर्दै आएको छ। त्यसैले नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा सञ्चालित शान्तिपूर्ण र सशस्त्र संघर्षहरूको कारण नै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको प्रचण्ड-माधवसहितका नेताहरूको दाबीलाई आधार मान्ने हो भने यसको मुख्य श्रेय नेकपा एमालेलाई नै जाने देखिन्छ। किनकि संगठित कार्यकर्ता, विघटित प्रतिनिधि सभामा दलको आकार आदि सबै दृष्टिकोणबाट नेपाली कम्युनिस्ट पार्टीको मुख्य विरासत नेकपा एमालेले नै बोक्दै आएको भन्न कठिन छैन।

मार्क्सवाद-लेनिनवादलाई आफ्नो मार्गदर्शक सिद्धान्त मानेको नेपाली कम्युनिस्ट पार्टीले आफूलाई के आधारमा अब एमालेभन्दा भिन्न पार्टीका रूपमा व्याख्या गर्ने भन्ने प्रश्न पनि बलियो रूपमा स्थापित हुने देखिन्छ। यसका साथै जनयुद्धमै रहेको समयमा माओवादीले २०६२ सालमा तत्कालीन सात संसदवादी दलसँग गरेको १२ बुँदे समझदारी के थियो ? २०६२/०६३ को जनआन्दोलनमा त्यो समझदारीको भूमिका कति थियो ? ती संसदवादी सात दल नेपाल कम्युनिस्ट पार्टीकै घटक थिए ? नेपाली कम्युनिस्ट पार्टीको घोषणापत्रले यस्ता कैयौं प्रश्न उब्जाएको छ।

प्रगतिशील लोकतान्त्रिक पार्टीले भने कांग्रेस, एमाले र माओवादी आ-आफ्नो समयका नागरिक आवाजको प्रतिनिधित्व गर्ने परिवर्तनकारी पार्टी रहेको प्रस्ट पारेको छ। 'परन्तु, इतिहासमा योगदान गरेका दलहरूले राज्य सत्तामा पुगेपछि आफ्नो क्रान्तिकारी छवि बचाउन नसक्दा असफल सिद्ध हुन पुगे। फलतः देश चरम भ्रष्टाचार, विकृति, यथास्थितिमा फस्नुका साथै गति र परिणामविहीन हुन पुग्यो,' सो पार्टीले आफ्नो राजनीतिक प्रतिबद्धतासहितको दस्तावेजमा भनेको छ।

# मेलम्ची खानेपानीको प्रगति विवरण सार्वजनिक




काठमाण्डु । खानेपानी मन्त्रालयले राष्ट्रिय गौरवको आयोजना मेलम्ची खानेपानीको हालसम्मको सम्पादित विषयगत कार्यसम्बन्धी प्रगति विवरण सार्वजनिक गरेको छ । मन्त्रालयले आइतबार विज्ञप्ति जारी गरी सो विवरण सार्वजनिक गरेको हो ।

मन्त्रालयका अनुसार यही मङ्सिर ८ गतेको निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (विकास व्यवस्थापन क्षेत्र हेर्ने) को संयोजकत्वमा विषयगत मन्त्रालयका सहसचिव र बाढीपीडित सङ्घर्ष समितिका तर्फबाट तीन जना सदस्य रहने गरी बढीमा एक वर्ष कार्यकाल रहेको नौ सदस्यीय सहजीकरण समिति गठन गरिएको छ ।

त्यसैगरी स्थानीय बाढीपीडित सङ्घर्ष समितिका तर्फबाट सहभागी हुने तीन प्रतिनिधि सिफारिस गरी पठाउन मेलम्ची खानेपानी विकास समितिलाई निर्देशन दिइएको र समितिको संरचना, कार्यसर्त र कार्यविधि मन्त्रालयको 'वेबसाइट'मा राखिएको छ ।

विसं २०७८ मा गएको बाढी पहिरोका कारण मेलम्ची खानेपानी आयोजना प्रभावित क्षेत्रमा भएको मानवीय तथा भौतिक क्षति सम्बन्धमा नेपाल सरकारबाट प्राप्त गर्नुपर्ने राहत तथा क्षतिपूर्ति र निजी आवास पुनर्निर्माणका लागि तत्कालीन समयमा स्थानीय प्रशासनवाट उपलब्ध भएको राहत तथा क्षतिपूर्ति प्रक्रियामा छुट भएको देखिएमा नदोहोरिने गरी समावेश गर्नेलगायत विषयका सम्बन्धमा आवश्यक प्रक्रिया अगाडि बढाउन गृह मन्त्रालयमार्फत जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकमा पठाउने निर्णय गरिएको मन्त्रालयले जनाएको छ ।

मेलम्ची खानेपानी आयोजनाबाट वितरण हुने पानीको परिपूरण (लेभी) खानेपानी क्षेत्रमा नै नयाँ विषय भएको सम्बन्धमा विश्वव्यापी अभ्यास, सम्बन्धित सरोकारवाला निकाय एवं व्यक्ति समेतलाई राखी यही मङ्सिर ११ गतेको बैठकबाट निश्चित विधिसहितको आवश्यक कानुन निर्माण गर्ने प्रक्रिया अगाडि बढाउन एक कार्यदल गठन गर्ने निर्णय गरिएको विज्ञप्तिमा उल्लेख छ ।

मन्त्रालयले मेलम्ची खानेपानी विकास समितिको गठन आदेश २०७९ संशोधनका सम्बन्धमा प्रधानमन्त्री एवं खानेपानी मन्त्रीबाट असोज ३० गते स्वीकृत भएबमोजिम मङ्सिर २ गते अर्थ मन्त्रालयमा राय परामर्श माग गरी पठाइएको छ । परामर्श प्राप्त हुनासाथ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा प्रेषित गरी प्राप्त परामर्शसमेत संलग्न राखी नेपाल सरकार समक्ष पेस गरिने छ । मेलम्ची पुल बजारदेखि मेलम्ची हेडवर्क्ससम्मको सडक निर्माण गर्न गत कात्तिक २६ गते सडक डिभिजन कार्यालय दोलखाबाट रु २५ करोडको बोलपत्र आह्वान भइसकेको छ । उक्त सडक निर्माण कार्यमा थप रु ७५ करोड स्रोत सुनिश्चितताका लागि राष्ट्रिय योजना आयोगको सचिवालयमा प्रेषित भइसकेको पनि मन्त्रालयले जनाएको छ । बाँकी दुई सडकका लागि समितिमा विनियोजन भएको रु १० करोड कार्यान्वयनका लागि भौतिक पूर्वाधार मन्त्रालयमा हस्तान्तरणको प्रक्रिया अगाडि बढाएएको छ ।रासस

# एनआरएनएबीचको ऐतिहासिक एकता दिगो कायम होस: सञ्चारमन्त्री खरेल

"हामी चार वर्ष अलमलिएका थियौं, संस्थाभित्र मतान्तर थियो । तर पनि सोच र कार्यशैलीबाट भिन्न थिएनौं, यो एकताले संस्थालाई बलियो बनाएको छ । यो एकता भनेको अठोट र विश्वासको हो सम्पूर्ण ८० लाख नेपालीको एकता पनि हो ।"



काठमाण्डु । गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)बीच ऐतिहासिक एकता घोषणा भएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आइतबार प्रधानमन्त्री सुशीला कार्की र सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलको उपस्थितिमा एनआरएनएको एकतासम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको हो ।

११औं महाधिवेशनबाट निर्वाचित डा बद्री केसी र अध्यक्ष महेश श्रेष्ठबीच बृहत एकताको सम्झौतामा हस्ताक्षर भएको छ । सञ्चारमन्त्री खरेलको विशेष पहल र अग्रसरतामा एनआरएनका दुई समूहबीच एतिहासिक एकता कायम भएको हो । सहमति पत्रमा ११औं अन्तरराष्ट्रियमहाधिवेशनबाटनिर्वाचित कार्यसमितिका अध्यक्ष बद्री केसी र एकताको महाधिवेशनबाट निर्वाचित कार्यसमितिका अध्यक्ष महेशकुमार श्रेष्ठले हस्ताक्षर गर्नुभएको छ ।

सो अवसरमा सञ्चारमन्त्री खरेलले बृहत एकतालाई दिगो बनाउन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "आज एनआरएनएबीच बृहत एकताको हस्ताक्षर भएको छ। यो हस्ताक्षर कागजमा भएको छ। यो हस्ताक्षर मन र मस्तिस्क दुवैमा कायम रहोस् । व्यवहारिक कार्यान्वयन र दिगो रुपमा एकता अगाडि बढोस् । फुटेर हैन, जुटेरै अगाडि बढ्न सकिन्छ । एकता सम्भव बनाउन भूमिका खेल्ने सबैप्रति धन्यवाद तथा शुभकामना व्यक्त गर्दछु ।"

सञ्चारमन्त्री खरेलले एनआरएनएको एकताले ८० लाख गैरआवासीय नेपालीलाई सकारात्मक सन्देश दिएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "नेपालमा एनआरएनएको स्थापनाको आरोह अवरोहमा छुट्टै अझ, गरिमा, विश्वास र सम्मान यहाँहरुले कामय गर्नुभएको थियो । पछिल्ला वर्षमा यो खस्किदै गयो । किनकी एनआरएनएबीच विभाजन आयो । अहिले एउटा ठूलो अवसर आएको छ । एनआरएनलाई पार्टी भन्दामाथि उठेर जनताको संस्थाको रुपमा स्थापित गराउनुस् ।"

म न्त्री खरेलले भूकम्प, नाकाबन्दी, कोरोना भाइरस महामारीलगायत विपद्का समयमा गरिआएको सहयोग सराहनीय रहेको भन्दै एनआरएनलाई राजनीतिभन्दामाथि उठेर मुलुकको आर्थिक समृद्धिका लागि बढीभन्दा बढी लगानी भित्र्याउन पहल गर्न आग्रह गर्नुभयो । उहाँले एनआरएनएले जोखिम मोलेर गरिरहेको लगानीको प्रसंशासमेत गर्नुभयो । मन्त्री खरेलले एनआरएनएले उठाएको मुद्दालाई सरकारकोतर्फबाट सहजीकरण गर्ने विश्वास व्यक्त गर्नुभयो ।

एनआरएनएका अध्यक्ष डा केसीले एनआरएनएबीचको एकताले स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपालीमा सकारात्मक सन्देश दिएको भन्दै नेपालको आर्थिक विकासमा सक्रिय ढङ्गले लाग्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले एनआरएनएलाई अब राजनीतिक कोणबाट कहिल्यै विभाजन नहुनेगरी कानुनी व्यवस्था हुनुपर्नेमा जोड दिनुभयो ।

अध्यक्ष केसीले भन्नुभयो, "हामी चार वर्ष अलमलिएका थियौं, संस्थाभित्र मतान्तर थियो । तर पनि सोच र कार्यशैलीबाट भिन्न थिएनौं, यो एकताले संस्थालाई बलियो बनाएको छ । यो एकता भनेको अठोट र विश्वासको हो सम्पूर्ण ८० लाख नेपालीको एकता पनि हो ।"

डा केसीले एनआरएनएबीचको एकतालाई यो अवस्थामा ल्याउन विशेष भूमिका निर्वाह गर्नुहुने सञ्चारमन्त्री खरेललाई विशेष धन्यवाद ज्ञापन गर्नुभयो । अध्यक्ष श्रेष्ठले बृहत एकताको घोषणाले गैरआवासीय नेपालीबीचको भावनात्मक एकता भई समृद्ध नेपाल निर्माणमा सक्रिय भएर जुट्न प्रेरणा मिलेको बताउनुभयो । उहाँले भन्नुभयो,"लामो समयको बेइमेल र असमझदारीलाई यस एकताको सम्झौताले चिर्नेछ । एकतालाई दिगो बनाएर, ज्ञान, सीप र पुँजी नेपाल भित्र्याउन मद्दत पुग्नेछ ।"

एनआरएनए पछिल्लो केही वर्षदेखि केसी र श्रेष्ठको नेतृत्वमा क्रियाशील रहँदै आएकामा दुवै संस्थाको नेतृत्व दश बुँदे सहमति गर्दै एकताबद्ध भएका छन् । एकतापछि अबको चार महिनाभित्र १२औं महाधिवेशन गर्ने सहमति जुटेको छ ।रासस

# सरकारले जनाधार भएका पार्टीसँग छलफल गरी चुनाव सुनिश्चित गर्नुपर्छः संयोजक दाहाल



गण्डकी । नेपाली कम्युनिष्ट पार्टीका संयोजक एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले तोकिएको समय आगामी फागुन २१ गते नै निर्वाचन हुनुपर्ने बताउनुभएको छ ।

पार्टीको गण्डकी प्रदेशस्तरीय एकता सन्देश सभालाई आइतबार पोखरामा सम्बोधन गर्दै संयोजक दाहालले सरकारले निर्वाचनको वातावरण बनाउन जनाधार भएका पार्टीसँग छलफल गरेर चुनावी वातावरण थप सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "चुनाव तोकिएको समय फागुन २१ गते नै हुनुपर्छ । त्यसका लागि सरकारले जनाधार भएका पार्टीका नेतासँग छलफल गर्नुपर्दछ । जसको जनाधार बढी छ, उसैलाई बेवास्ता गरेर चुनावी वातावरण बनाएन भने त्यो ठीक हुँदैन ।"देशको राष्ट्रिय स्वाधीनता र सुरक्षा कमजोर बन्दै गएकाले सम्पूर्ण देशभक्त, वामपन्थी र कम्युनिष्ट शक्ति एकजुट हुनु अत्यावश्यक भएको संयोजक दाहालले बताउनुभयो । उहाँले अघिल्लो सरकारले दुई तिहाइ बहुमतको घमण्ड गर्दा राष्ट्रले ठूलो क्षति बेर्होनु परेको जिकिर गर्नुभयो ।

"हामीले राष्ट्र झन्डै धरापमा पुगेको देख्यौं । सरकारमा हुँदा भ्रष्टाचारविरुद्ध लड्न खोज्यौं । तर सरकारबाट हटाइयो । अघिल्लो पटक हामीलाई भ्रष्टाचार र राष्ट्रिय स्वाधीनताका लागि लड्न शक्ति पुगेन । आगामी निर्वाचनमा पहिलो शक्ति बनेर राष्ट्रियता र सुशासनका लागि विगतका कमीकमजोरी सच्याएर नेपाली कम्युनिष्ट पार्टीले काम गर्नेछ ।"संयोजक दाहालले विभिन्न १७ घटकसँगको पार्टी एकता चुनाव जित्नका लागि मात्र नभएको उल्लेख गर्नुभयो । "हामीले सुरु गरेको पार्टी एकता अभियान चुनाव जित्ने उद्देश्यका लागि मात्र होइन । राष्ट्रको रक्षा, स्वाधीनता संरक्षण तथा समृद्धिको आधार निर्माणका लागि हामीले कम्युनिष्ट एकता र लोकतान्त्रिक शक्तिसँगको सहकार्यमा जोड दिएका छौं," उहाँले भन्नुभयो ।

पूर्वप्रधानमन्त्री एवम् नेपाली कम्युनिष्ट पार्टीका सहसंयोजक माधवकुमार नेपालले राजनीतिक अस्थिरताको अन्त्यका लागि निर्वाचन हुनै पर्ने बताउनुभयो । उहाँले देशको रक्षा गर्ने जिम्मेवारी नेकपाको रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "राष्ट्रका सामु अहिले ठूलो सङ्कट सिर्जना भएको छ। यसको अन्त्यका लागि निर्वाचनको विकल्प छैन । देशको रक्षाका लागिसमेत बृहत् र बलियो कम्युनिष्ट पार्टी आवश्यक छ ।"

पूर्वप्रधानमन्त्री एवम् पार्टीका नेता झलनाथ खनालले नेकपालाई नेताप्रधान नभई विधि र पद्धतिमा चल्ने पार्टी बनाउनुपर्ने बताउनुभयो । "हामीले विधि र पद्धतिलाई अनुसरण गर्ने पार्टी बनाउन चाहेका छौं । अब विगतको जस्तो नेता प्रधान हुने पार्टी चल्दैन," उहाँले भन्नुभयो ।नेकपाका नेता भीम रावलले विगतका गल्तीमा माफी माग्दै सच्चिएर अघि बढ्नुपर्ने बताउनुभयो । "विगतका कमीकमजोरीलाई आत्मसात् गर्दै सच्चिएर मात्र बलियो र एकताबद्ध पार्टी निर्माण गर्न सकिन्छ । स्वाधीनता बलियो भएको नेपाल बनाउन सकिन्छ । त्यसका लागि पार्टीका सबै नेता तथा कार्यकर्तामा त्याग र समर्पण आवश्यक छ," उहाँले भन्नुभयो ।

नेता नारायणकाजी श्रेष्ठले रुपान्तरित एकीकृत पार्टी आवश्यक रहेकाले सबैले आफूले आफैँलाई बदल्नुपर्ने विचार राख्नुभयो । उहाँले भन्नुभयो, "नेपालमा एउटै कम्युनिष्ट केन्द्र बनाउने अभियान अझै पूरा भएको छैन । त्यसका लागि पार्टीको रुपान्तरण गर्नुपर्दछ ।"सभामा नेताहरू देव गुरुङ, पोखरा महानगर प्रमुख धनराज आचार्य, राजु थापा, डा लक्ष्मी ओली, दीननाथ शर्मा, गायत्री गुरुङ, श्रीनाथ बरालगायतले जनताको आवश्यकता र अपेक्षा पूरा गर्ने पार्टी निर्माणको आवश्यकता औंल्याउनुभएको थियो ।रासस

# मन्त्री घिसिङद्वारा सम्झौताअनुसार भवन निर्माण सम्पन्न गर्न निर्देशन



विराटनगर । जलस्रोत तथा ऊर्जा, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले विराटनगरस्थित कोशी अस्पतालको निर्माणाधीन भवन तोकिएको समयसीमाभित्र तयार गर्न निर्देशन दिनुभएको छ ।

सो अस्पताल निरीक्षणका क्रममा मन्त्री घिसिङले निर्माणाधीन अवस्थामा रहेका दुई वटा भवन निर्धारित समयमै तयार गरी हस्तान्तरण गर्न निर्माण व्यवसायीलाई निर्देशन दिनुभएको हो ।बिरामीको चापलाई दृष्टिगत गरी निर्माण प्रक्रिया सुरु भएको सो अस्पतालको नयाँ भवन बनाउने काम ढिलो भएको भन्ने प्राप्त गुनासोलाई सम्बोधन गर्नेक्रममा उहाँले अस्पताल प्रशासन र निर्माण व्यवसायीलाई काम छिटो सक्न निर्देशन दिनुभयो ।

सो अस्पतालाका लागि निर्माणाधीन अवस्थामा रहेको रु दुई अर्ब ४५ करोड लागतको ११ तले भवनको ३५ प्रतिशत र रु ३८ करोड लागतको चार तले भवनको ६० प्रतिशत मात्र काम सम्पन्न भएको सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालय विराटनगरले जनाएको छ ।

निर्माण व्यवसायी केसी एवं रमण कन्स्ट्रक्सनले करिब चार वर्षअघि निर्माण सुरु गरेको उक्त भवन काम सम्पन्न गरी यसैवर्ष हस्तान्तरण गर्नुपर्ने सम्झौतामा उल्लेख छ ।

सो अवसरमा कोशी अस्पतालका प्रमुख डा रुणा झा र सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालय विराटनगरका डिभिजनल इञ्जिनियर सुरेन्द्र साहले मन्त्री घिसिङलाई अस्पतालको वस्तुस्थिति र भवन निर्माणसम्बन्धी जानकारी गराउनुभएको थियो ।रासस

रजि नं. २१४/१९/०५८ "कर्म नै पुजा हो सेवा नै धर्म हो" पान नं. ३०२५५८७२६
सहकारी ऐन २०४८ अन्तर्गत स्थापित
सारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड
SARA saving and credit co-opretive Ltd
जनकपुरधाम–०९, रामानन्द चौक

## निर्वाचन कार्यक्रम

| मिति | समय | कार्यक्रम |
|---|---|---|
| २०८२।०८।१५ | ११ :३० बजे | मतदाता नामावली प्रकाशन |
| २०८२।०८।२२ | १०:०० बजे देखी ४:०० बजे सम्म | छुट नाम दर्ता, नाम सच्याउने वा हटाउने सम्वन्धमा निवेदन लिने |
| २०८२।०९।०५ | विहान ८:००बजे | अन्तिम मतदाता नामावली प्रकाशन |
| २०८२।०९।०५ | ८:०० बजे देखी १० :०० बजे सम्म | उम्मेदवारीको दरखास्त लिने (३.४) |
| २०८२।०९।०५ | १०:१५ बजे (३.५) | उम्मेदवारको नामावली प्रकाशन |
| २०८२।०९।०५ | १०:२० देखी ११:२० सम्म (३.६) | दावी विरोध र उम्मेदवारी नाम फिर्ता |
| २०८२।०९।०५ | ११:३० बज (३.६) | दावी विरोध उपर छानविन गरी उम्मेदवार हरुको अन्तिम नामावली प्रकाशन |
| २०८२।०९।०५ | १ :०० बजे देखी ५:००बजे सम्म | मतदान कार्यक्रम |
| २०८२।०९।०५ | निर्वाचन पश्चात | मतगणना |
| २०८२।०९।०५ | मतगनणा समाप्त भए पश्चात | निर्वाचन परिणाम घोषणा |
| | पछि सुचना गर्ने | प्रमाण पत्र वितरण तथा सपथ गहण |
| कार्यक्रम समापन | | |

**पुनश्च** :- उपरोक्त निर्वाचन कार्यतालिकामा आवस्यकता अनुसार कुनै हेरफेर भएको अवस्थामा निर्वाचन उप समितिले सुचना टा'स गरी जानकारी गराईने छ ।

–निर्वाचन उपसमिति


# रास्वपा र विवेकशील साझाबीच पार्टी एकता

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र विवेकशील साझा पार्टीबीच एकता भएको छ । आइतबार औपचारिक रुपमा काठमाडौँस्थित राष्ट्रियसभा गृहमा आयोजित कार्यक्रममार्फत दुवै दलका शीर्ष नेताले एकता घोषणापत्रमा हस्ताक्षर गर्नुभयो ।

रास्वपातर्फबाट कार्यबाहक पार्टी सभापति डोलप्रसाद अर्याल र उपसभापति एवम् उच्च संवाद समितिका संयोजक डा स्वर्णिम वाग्ले तथा विवेकशील साझाका अध्यक्ष समीक्षा बास्कोटा र सो पार्टीका उपाध्यक्ष एवम् राजनीतिक संवाद समितिका संयोजक प्रकाशचन्द्र परियारले एकतापत्रमा हस्ताक्षर गर्नुभयो । वैकल्पिक राजनीति, पारदर्शिता र सुशासनको अभियानलाई थप मजबुत बनाउन एकता महत्वपूर्ण हुने उहाँहरुको भनाइ छ ।

उहाँहरुबीच पाँच बुँदे सहमति पनि भएको छ । सहमतिमा राष्ट्रिय स्वतन्त्र पार्टीको राजनीतिक सिद्धान्त र नेतृत्व निःशर्त स्वीकार्दै निष्ठा र मूल्य मान्यतामा आधारित वैकल्पिक राजनीतिकको प्रवर्द्धनमा स्वर्गीय उज्जवल थापा एवम् विवेकशील अभियानको योगदानलाई दस्तावेजीकरण गरी मान्यता दिने उल्लेख छ ।रासस

# महाधिवेशनले उन्नत र रुपान्तरित एकता प्रदर्शन गर्ने अध्यक्ष ओलीको विश्वास



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पार्टीको आसन्न ११औं राष्ट्रिय महाधिवेशनले उन्नत र रुपान्तरित एकता प्रदर्शन गर्ने बताउनुभएको छ ।

एमालेको केन्द्रीय प्रचार समितिद्वारा आइतबार पार्टी कार्यालय, च्यासलमा आयोजित ११औं महाधिवेशनको प्रतीक चिह्न (लोगो) सार्वजनिकीकरण कार्यक्रममा अध्यक्ष ओलीले सर्वसहमतिका नाममा एमालेभित्र प्रतिस्पर्धा गर्न दिइन्न वा जसरी पनि चुनावै हुनुपर्छ भन्ने प्रचार या सोच गलत रहेको बताउनुभयो । उहाँले अध्यक्षका हैसियतमा आफ्नो प्रयास, सहमति, एकता, रुपान्तरण र पुस्तान्तरणका लागि केन्द्रित हुने स्पष्ट गर्नुभयो ।

"सर्वसम्मतिका नाममा सेन्टिमेन्टल हिसाबले कसैलाई रोक्ने वा छेक्ने काम हुँदैन । स्वच्छ प्रतिस्पर्धा हुनेछ । एमालेमा प्रजातन्त्र छैन ।

चुनावै लडेनन् वा कसैलाई चुनाव लड्न दिएनन् भनिरहनु पर्दैन", अध्यक्ष ओलीले भन्नुभयो, "चुनाव लड्न पाइन्छ तर अध्यक्षका रुपमा मेरो आग्रह छ- एकताबद्ध भएर जाऔं, एकार्कामा नकारात्मक टीकाटिप्पणी गर्ने, खुइल्याउने, होच्याउने र अपमान गर्ने जस्ता काम कसैले नगरौं ।"

कार्यक्रममा पूर्वप्रधानमन्त्री ओलीले यही मङ्सिर २७ देखि २९ गतेसम्म काठमाडौंमा हुने महाधिवेशनका लागि लोगो सार्वजनिक गर्नुभएको थियो ।रासस

## एसिसी यु-१९ प्रिमियर कपः उपाधिका लागि नेपाल र युएईबीच प्रतिस्पर्धा




काठमाण्डु । संयुक्त अरब इमिरेट्स (युएई) मा जारी एसिसी पुरुष यु-१९ प्रिमियर कप क्रिकेटको उपाधिका लागि नेपाल र आयोजक युएईबीच प्रतिस्पर्धा हुने भएको छ । उपाधिका लागि सोमबार बिहान १०:३० बजे अजमानस्थित करवान मैदानमा खेल हुनेछ ।

नेपालले मलेसियालाई नौ विकेटले हराएर उपाधि नजिक पुगेको हो । युएईले भने ओमानलाई आठ विकेटले पराजित गर्दै फाइनलमा स्थान सुरक्षित गरेको हो । नेपाल र युएई एसिया कप खेल्नका लागि भने छनोट भइसकेका छन् । प्रतियोगिताको फाइनलमा पुग्ने दुवै टोली सिधै एसिया कपमा छनोट हुने प्रावधान छ ।

सेमिफाइनलमा पराजित हुने टोलीबीच तेस्रो स्थानका लागि खेल हुने र तेस्रो स्थान हासिल गर्ने टोली पनि एसिया कपमा पुग्ने नियम छ । तेस्रो स्थानका लागि सोमबार मलेसिया र ओमान खेल्नेछन् । प्रतियोगितामा १४ टोलीको सहभागिता थियो । यु-१९ एसिया कप आगामी डिसेम्बरमा युएईमा हुँदैछ ।रासस

# गिज्याइरहेको अधुरो क्रिकेट मैदान

महेन्द्रनगर । काठमाडौँमा जारी नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट प्रतियोगिताले नेपालीको ध्यान तानिरहेको छ । अझ खेलाडीतर्फ हेर्ने हो भने सुदूरपश्चिम रोयल्सका कप्तान दीपेन्द्रसिंह ऐरीप्रतिको दर्शकको क्रेज थप चुलिएको छ ।

दीपेन्द्रले कप्तानी गरिरहेको सुदूरपश्चिम रोयल्सले जारी प्रतियोगितामा पाँच वटा खेल जितिसक्दा तिनै दीपेन्द्रको गृहनगर महेन्द्रनगरमा निर्माणाधीन अवस्थामा अलपत्र परेको क्रिकेट मैदानले गिज्जाइरहेको छ ।

केही वर्षअघि तत्कालीन जिल्ला खेलकुद विकास समितिले महेन्द्रनगर स्थित कवर्डहल परिसरको जग्गा माछा पोखरी निर्माणका लागि भाडामा दिएको थियो । खेल संरचना निर्माण हुनुपर्ने ठाउँमा माछा पोखरी बनेपछि त्यसको विरोध भएपछि अन्तः खेलकुद विकास समितिले भाडा खारेज गऱ्यो ।

माछा पोखरी बनाउने पक्षले पोखरी नपुरी छोडेर हिँडेको केही समयपछि सोही स्थानमा क्रिकेट मैदान बनाउने निर्णय भएपछि काम सुरु भएको थियो । क्रिकेट मैदान बनाउने निर्णय भए पनि लामो समयसम्म माछा पोखरी बनाउन खनिएको खाल्डो उक्त पक्षले नपुरेपछि क्रिकेटका लागि आएको रकमले पुर्नुपरेको छ ।

"माछा पोखरी पुर्न करोड खर्च भइसक्यो", कञ्चनपुर जिल्ला क्रिकेट सङ्घका अध्यक्ष एवं केन्द्रीय सदस्य वीरेन्द्र चन्दले भन्नुभयो, "निर्माण रोकिएको दुई वर्षभयो, सङ्घ सरकारले बजेट शून्यमा झारेको छ । प्रदेश सरकारले रु ५० लाख विनियोजन गरेको छ ।" उहाँका अनुसार हालसम्म माछा पोखरी पुर्न रु एक करोड ५० लाख खर्च भइसकेको छ । नेपाल राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा ख्याती कमाउँदै मुलुकको पहिचान स्थापित गरिरहेका खेलाडी उत्पादन गर्ने थलोमा क्रिकेट मैदान अलपत्र पर्नु दुःखद् विषय भएको उहाँले बताउनुभयो ।



दीपेन्द्रसिंह ऐरी, विनोद भण्डारी, सन्दीप जोरा, भीम सार्की, आकाश चन्द, हेमन्त धामी र विकास आग्री भीमदत्त नगरपालिकाका खेलाडी हुन । "अहिलेको एनपिएलमा मात्रै महेन्द्रनगरका नौ जना खेलाडी छन्", चन्दले भन्नुभयो, "दशकौँदेखि महेन्द्रनगर क्रिकेट खेलाडी उत्पादनको हब भए पनि राज्यको नजर अहिलेसम्म पुगेको छैन ।"

उहाँले अलपत्र अवस्थामा रहेको क्रिकेट मैदान निर्माण हुनसके अझै धेरै खेलाडी उत्पादन गर्न सकिने बताउनुभयो । "महेन्द्रनगरका खेलाडीको नाम लिएर हर्ष बढाइ गर्छौं", चन्दले भन्नुभयो, "तर यहाँ खेल संरचना निर्माण र खेलाडी उत्पादनमा चासो भने कसैबाट दिइँदैन ।"

क्रिकेट खेलाडी उत्पादनको पहिचान बनाएको सुदूरपश्चिम प्रदेशमा खेल मैदान र प्रशिक्षक अभाव रहेको यहाँका पूर्वखेलाडी चित्राङ्ग थापाले बताउनुभयो । "महिला पुरुषदेखि हरेक उमेर समूहका खेलमा यहाँका खेलाडीको उलेख्य सहभागिता रहँदै आएको छ", उहाँले भन्नुभयो, "यहाँ खेल मैदान र प्रशिक्षक आवश्यक छ, यसका लागि क्रिकेट सङ्घ र खेलकुद परिषद्ले प्राथमिकतामा राखेर काम गर्नुपर्छ ।"

नेपालको क्रिकेटको विकास र विस्तारमा सुदूरपश्चिमको महत्त्वपूर्ण सहभागिता र योगदान रहँदै आएकाले खेल पूर्वाधार विकासमा सरकारले सुदूरपश्चिम प्रदेशलाई प्राथमिकता राख्नुपर्नेमा थापाले जोड दिनुभयो । "धनगढीको फाप्ला मैदान कागजमा मात्रै सीमित छ, महेन्द्रनगरमा पनि मैदान छैन", उहाँले भन्नुभयो, "यहाँ अन्तरराष्ट्रियस्तरको खेल मैदान र प्रशिक्षक हुनु आवश्यक छ, यसले आगामी वर्षमा अझ स्तरीय खेलाडी आउनेछन् ।"

जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख गोपालदत्त भट्टले महेन्द्रनगर स्थित कवर्डहलमा सबै खेलका लागि पर्याप्त जग्गा भए पनि क्रिकेटका लागि छुट्टै मैदान बनाउन नसकिएको बताउनुभयो । "बजेट अभावले खेलकुद मैदान बनाउन सकिएको छैन", उहाँले भन्नुभयो, "प्रदेश सरकारको सहयोगमा बहुउद्देश्यीय कवर्डहल निर्माण हुँदैछ ।" उहाँका अनुसार खेलकुद मैदानका लागि १५ बिघा छ कठ्ठा जग्गा उपलब्ध छ । छैटौँ राष्ट्रिय खेलकुदका बेला २०६२ सालमा बनेको कवर्ड खेल मैदानबाहेक त्यसयता महेन्द्रनगरमा खेल मैदान बन्न नसकेका उहाँको भनाइ छ ।

क्रिकेट सङ्घ सुदूरपश्चिम प्रदेश समितिका पूर्वउपाध्यक्ष दीपक चालिसेले सङ्घको नाममा जग्गा नहुँदा क्रिकेट मैदान बन्न नसकेको बताउनुभयो । "आइसिसीले पनि सङ्घको नाममा जग्गा भएमात्र सहयोग गर्ने भनेकाले यहाँ हामीसँग जग्गा उपलब्ध नहुँदा समस्या भएको हो", उहाँले भन्नुभयो, "धनगढीमा रहेको फाप्ला क्रिकेट मैदान पनि बन्न सकेको छैन ।"

पूर्वउपाध्यक्ष चालिसेले बेलाबेला सरकार परिवर्तन भइरहने कारणले पनि सुदूरपश्चिम प्रदेशमा क्रिकेट पूर्वाधार बन्न नसकेको धारणा राख्नुभयो । "यहाँका खेलाडीको राष्ट्रिय टोलीमा उलेख्य सहभागी हुँदै आएको छ", उहाँले भन्नुभयो, "क्रिकेट मैदान निमार्णका लागि हामीले विगतदेखि पहल गर्दै आएका छौँ, यसमा सरकारले पनि सहयोग गर्नुपर्छ ।" उहाँले सरकारले प्राथमिकताका साथ खेल पूर्वाधारमा लगानी गर्नुपर्नेमा जोड दिनुभयो ।

सरकारीस्तरबाट क्रिकेट मैदान निर्माण नभएपछि दोधारा चाँदनीमा नागरिकको पहलमा निर्माण हुन लागेको छ । "नगरपालिका र यहाँका स्थानीयको सहयोगमा हामीले क्रिकेट खेल मैदान निर्माण गर्न लागेका छौँ", दोधारा चाँदनीका स्थानीय सुरेश भट्टले भन्नुभयो, "विभिन्न निकायको सहयोगमा अहिले मैदानको पिचमा माटो भरानको काम भइरहेको छ ।" उहाँले दोधरा चाँदनी-२ स्थित नगर खेलकुद समितिको जग्गामा नागरिक र पालिकाको सहयोगमा खेल मैदान निर्माण हुन लागेको जानकारी दिनुभयो ।

कञ्चनपुरले देशलाई विगत लामो समयदेखि क्रिकेट खेलाडी उत्पादन गरी दिँदै आएको भए पनि राज्यका सरोकार भएका निकायको नजरमा यहाँ नपुर्न विडम्बनाको विषय हो । यहाँ नेपाल क्रिकेट सङ्घ (क्यान)ले खेलाडीका लागि प्रशिक्षक नियुक्त गरेको भए पनि राष्ट्रिय खेलकुद परिषद् (राखेप) बाट सरकारी प्रशिक्षकले अहिलेसम्म पाइलासम्म टेकेका छैनन् ।

मुलुकमा क्रिकेटको आकर्षण बढेसँगै पछिल्लो समय निजीस्तरबाट सञ्चालित क्रिकेट एकेडेमीमा पनि प्रशिक्षणले तीव्रता पाएको छ । यहाँ क्रिकेटका लागि खेल संरचना बनेको दिन दशकौँ खेलाडी उत्पादनमा होमिएको कञ्चनपुरलाई न्याय मिलेको अनुभूति हुने सङ्घका अध्यक्ष चन्दको भनाइ छ । "कञ्चनपुरमा मात्रै खेलकुदका बजेट खन्याउनुपर्छ भन्ने होइन", उहाँले भन्नुभयो, "खेलाडी उत्पादनको अनुपात हेरेर पनि राज्यले सोही अनुसार लगानी गरोस् भन्ने हो ।"रासस

## पेरिसमा सोमबार जेलेन्स्की-म्याक्रोन भेट हुने

एएनआई

पेरिस ।रुस-युक्रेन युद्धको शान्ति सम्झौताका लागि चलिरहेको कूटनीतिक प्रयास तीव्र भएसँगै फ्रान्सले सोमबार युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीलाई पेरिसमा स्वागत गर्न तयारी पूरा गरेको छ ।

फ्रान्स २४ का अनुसार राष्ट्रपति जेलेन्स्की फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनसँग भेट गर्दै युद्धपछिको सबैभन्दा कठिन राजनीतिक तथा सैन्य परिस्थितिमा रहेको युक्रेनका चुनौतीबारे गम्भीर छलफल गर्ने कार्यक्रम छ ।

शनिबार फ्रान्सेली राष्ट्रपति कार्यालय (एलिसी) का एक अधिकारीले म्याक्रोन र जेलेन्स्कीबीच 'न्यायपूर्ण र स्थायी शान्तिका लागि आवश्यक सर्तहरू' बारे गहन विचार-विमर्श हुने जानकारी दिएका थिए । अमेरिकामा युक्रेनका लागि तयार गरिएको शान्ति योजनाबारे छलफल गर्न एक उच्चस्तरीय युक्रेनी प्रतिनिधिमण्डल प्रस्थान गर्ने तयारीमा रहेका बेला यो भेटवार्ता तय गरिएको हो ।

यसैबीच, युक्रेनमा प्रमुख राजनीतिक हलचल सिर्जना भएको छ । राष्ट्रपति जेलेन्स्कीका निकट सहयोगी तथा अत्यन्त प्रभावशाली राजनीतिक हर्ताकर्ता मानिने राष्ट्रपतिको चिफ अफ स्टाफ एन्ड्री यर्माकले भ्रष्टाचारविरोधी निकायहरूले उहाँको निवासमा छापा मारेको केही घण्टामै राजीनामा दिनुभएको छ। किएभले अमेरिकाको दबाबका बीच रूससँग शान्ति सम्झौता स्वीकार गर्नुपर्ने अवस्था झन् जटिल बन्दै गइरहेको छ।

अधिकारीहरूका अनुसार यर्माकलाई प्रायः युक्रेनको दोस्रो सबैभन्दा शक्तिशाली व्यक्तिका रूपमा हेरिन्छ । हालै जेनेभामा अमेरिकी प्रतिनिधिसँग भएको वार्तामा उहाँले युक्रेनी टोलीको नेतृत्व गर्नुभएको थियो । तर शुक्रबार राष्ट्रपति जेलेन्स्कीले दैनिक टेलिभिजन सम्बोधनमार्फत यर्माकको राजीनामा घोषणा गरेपछि महत्त्वपूर्ण शान्ति वार्ताको पूर्वसन्ध्यामा किएभको राजनैतिक स्थिति थप अस्थिर बनेको छ ।

राष्ट्रपति जेलेन्स्कीले भन्नुभयो, "आज कसैलाई युक्रेनबारे प्रश्न गर्न दिन चाहन्नँ । त्यसैले केही आन्तरिक निर्णयहरू गरेका छौँ । पहिलो, राष्ट्रपतिको कार्यालयमा रिबुट हुनेछ। कार्यालय प्रमुख एन्ड्री यर्माकले राजीनामा पत्र बुझाउनुभएको छ ।" यर्माकले भने तत्काल सार्वजनिक प्रतिक्रिया दिनुभएन । छापा चलिरहेको पुष्टि गर्दै उहाँले टेलिग्राममार्फत अनुसन्धानमा पूर्ण सहयोग गरिरहेको जानकारी दिनुभएको थियो ।

युक्रेनको प्रमुख भ्रष्टाचारविरोधी संस्था राष्ट्रिय भ्रष्टाचार विरोधी ब्युरो (एनएबियु) र विशेष भ्रष्टाचार विरोधी अभियोजक कार्यालय (एसएपिओ) दुवै छापामा संलग्न थिए । दुई हप्ताअघि यी निकायले युक्रेनको ऊर्जा पूर्वाधारमा भएको भनिएको ठूला किकब्याक योजनाबारे व्यापक अनुसन्धान सुरु गरेको घोषणा गरेका थिए । यही अनुसन्धानकै बीचमा छापा मारेको बताइन्छ ।

यस घोटालाले युक्रेनी सरकारका दुई मन्त्री पदमुक्त भएका छन् र राष्ट्रपति जेलेन्स्कीको मनोरञ्जन उद्योगमा कार्यरत पूर्व व्यापारिक सहकर्मी पनि यसको चपेटामा परेका छन् । तर यर्माकको हालैको महत्त्वपूर्ण उन्नति र वार्ता टोलीमा प्रमुख भूमिकाका कारण यो विकास राष्ट्रपति जेलेन्स्कीका लागि असाधारण रूपमा असहज परिदृश्य बनेको छ।

आगामी केही दिनमै अमेरिकी पक्षसँग शान्ति वार्ताको अर्को चरण हुने अनुमान छ । तर यर्माकको स्थान कसले लिनेछ भन्ने प्रश्न अझै अनिश्चित छ । सिएनएनका अनुसार, राष्ट्रपति जेलेन्स्कीले शनिबारै चिफ अफ स्टाफका सम्भावित उत्तराधिकारीहरूसँग छलफल सुरु गर्ने तयारी रहेको बताउनुभएको छ ।

## फिलिपिन्समा व्यापक भ्रष्टाचारविरुद्ध सडक आन्दोलन




एपी

मनिला । फिलिपिन्समा आइतबार रोमन क्याथोलिक चर्चका पादरीहरूसहित हजारौँ नागरिकले बाढी नियन्त्रण परियोजनामा भएको ठूलो भ्रष्टाचार काण्डविरुद्ध सडकमा उत्रिएकाछन्।प्रदर्शनकारीहरूलेदेशलाई नै हल्लाइदिएको अनियमिततामा संलग्न शीर्ष सांसद र सरकारी अधिकारीहरूलाई तत्काल मुद्दा चलाउन र चोरी भएको रकम फिर्ता गराउन कडाइका साथ माग गरे।

वामपन्थी समूहहरूले मनिलाको मुख्य पार्कमा आयोजना गरिएको छुट्टै विरोध प्रदर्शनको नेतृत्व गर्दै सबै दोषी प्रमाणित अधिकारीहरूले तुरुन्तै राजीनामा दिई कानूनी कारबाहीको सामना गर्नुपर्ने दाबी गरे । उता, राष्ट्रपति फर्डिनान्ड मार्कोस जुनियरले उष्णकटिबन्धीय एसियाको बाढी-पीडित द्वीपसमूहमा घटिया, अपूर्ण वा अस्तित्वविहीन बाढी नियन्त्रण योजनाका कारण उत्पन्न सार्वजनिक आक्रोश शान्त गर्ने प्रयास जारी राखिरहनुभएको छ ।

मेट्रोपोलिटन मनिलामा सुरक्षाका लागि १७ हजारभन्दा बढी प्रहरी अधिकारी तैनाथ गरिएको थियो । मालाकानाङ राष्ट्रपतिको कार्यालय वरपरका मुख्य सडक र पुलहरू दङ्गा-विरोधी प्रहरी, ट्रक तथा काँडेदार तारले अवरुद्ध गरिएको थियो । देश विगत ३९ वर्षमा दुई राष्ट्रपतिलाई आंशिक रूपमा भ्रष्टाचारकै आरोपमा पदच्युत गरेको इतिहास भएकोले केही समूहले सेनालाई राष्ट्रपति मार्कोसप्रति समर्थन फिर्ता लिन समेत आह्वान गरेका थिए, तर सेनाले यस्ता मागलाई कडा ढङ्गले अस्वीकार गरेको छ ।

फिलिपिन्स सशस्त्र बलले आइतबार तीन जना पूर्व सैन्य प्रमुखसहित कम्तीमा ८८ जना सेवानिवृत्त जनरल हस्ताक्षरित वक्तव्यलाई स्वागत गर्दै असंवैधानिक गतिविधि वा सैन्य विद्रोहका सबै प्रयासको स्पष्ट निन्दा गरेको जनाएको छ । सेनाले एउटा विज्ञप्तिमा भन्यो, "हाम्रा सेवानिवृत्त तथा सक्रिय नेताहरूको एकीकृत आवाजले सशस्त्र बललाई स्थिरताको स्तम्भ र दृढ लोकतान्त्रिक संरक्षकको रूपमा पुष्टि गरेको छ।"

देशभरका क्याथोलिक चर्चहरूले आइतबारको प्रदर्शनमा नेतृत्वदायी भूमिका निभाए । मुख्य प्रदर्शन राजधानी क्षेत्रको इड्सा राजमार्ग छेउस्थित 'जन-शक्ति' स्मारकमा आयोजित थियो । त्यहाँ करिब पाँच हजार नागरिक प्रायः सेतो पोशाकमा उपस्थित भएको प्रहरीको अनुमान छ। सहभागीहरूले हालसालै सार्वजनिक भएका हजारौँ असमान बाढी नियन्त्रण योजनामा संलग्न सांसद, अधिकारी तथा निर्माण कम्पनीका मालिकहरूलाई जेल पठाउन र चोरी गरेको रकम तत्काल फिर्ता गराउन माग गरे ।

## कर्णालीलाई हराउदै काठमाडौं प्लेअफ नजिक




**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल प्रिमियर लिग (एनपिएल) मा कर्णाली याक्सलाई हराउदै काठमान्डु गोर्खाज प्लेअफ नजिक पुगेको छ । आइतबार कीर्तिपुरस्थित त्रिवि मैदानमा कर्णाली याक्समाथि ५ विकेटको जित निकाल्दै काठमान्डुले चौथो जित निकालेको छ ।

अन्तिम खेलअघि ८ अंक जोडेको काठमान्डु अंक तालिकाको दोस्रो स्थानमा पुगेको छ। अब उसले पोखरासँग अन्तिम खेल खेल्नेछ । उक्त खेलमा पराजय भोगे पनि अरु टोलीको नजिताको आधारमा काठमान्डु शीर्ष चारमा रहेर प्लेअफमा पुग्नसक्छ । अब काठमान्डुलाई विराटनगर किंग्स, चितवन राइनोज र लुम्बिनी लायन्सले मात्र पछि पार्न सक्छ ।यता कर्णाली भने पाँच मध्ये चार खेलमा पराजित भइसकेको छ। अब उसले बाँकी दुवै खेलमा जित निकालेको अवस्थामा प्लेअफमा पुग्नसक्छ । त्यसका लागि अरु टोलीको नतिजामा भर पर्नु पर्छ। चौथो जित निकाल्ने क्रममा काठमान्डुले आइतबार कर्णालीले दिएको १५० रनको लक्ष्य १८ ओभरमा ५ विकेटको क्षतिमा पूरा गऱ्यो।

काठमाडौंका ओपनिङ ब्याटर आकाश त्रिपाठी ८ रनमा आउट भए पनि अर्का ओपनर बने चार्ल्सवर्थले ३४ रनको योगादन गरे। उनले २१ बलमा २ चौका र ३ छक्का प्रहार गरे। कर्णालीका कप्तान सोमपाल कामीविरूद्ध उनले एकै ओभरमा तीन छक्कासहित २० रन जोडेर आक्रामक सुरूवात दिलाएका थिए। तर उनी आठौं ओभरमा पवन सर्राफबाट बोल्ड हुन पुगे।

त्यसपछि मिलिन्द कुमार ११औं ओभरमा रनआउट हुन पुगे। गेराल्ड इरासमसँग रन लिने विषयमा असझदारी हुँदा उनी १५ रन बनाएर पेभिलियन फर्किए।इरासमस र जोन सिमसनको जोडीले चौथो विकेटका लागि ७६ रनको साझेदारी गर्दै काठमान्डुलाई जित दिलाए। जितका लागि एक रन चाहिएको स्थितिमा सिमसन ४१ रनमा आउट भए। उनले २१ बलमा ४ चौका र २ छक्का प्रहार गरे। लगत्तै अर्को बलमा रशिद खान पनि क्याच भए। इरासमसले ३३ बलमा २ चौका र २ छक्काको मद्दतमा नटआउट ४३ रन प्रहार गरे।

बलिङमा कर्णालीका नन्दन यादवले ३ विकेट लिए। उनले चार ओभरमा ३५ रन दिए। त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको कर्णालीले ७ विकेटको क्षतिमा १४९ रन बनायो। कर्णालीका लागि गुल्सन झाले उत्कृष्ट ब्याटिङ गर्दै २२ बलमा नटआउट ४९ रन जोडे। गुल्सनले ६ चौका र ३ छक्का प्रहार गरे।

कर्णालीको सुरूवात भने खराब रह्यो। पहिलो बलमै ओपनर प्रियांक पाञ्चाल करण केसीको बलमा कट एन्ड बउल्ड भए हुँदा रोयल डक भए। पहिलो ओभरकै अन्तिम बलमा विलियम बोसिस्टोलाई शाहब आलमले रनआउट गरेपछि उसले पहिलो ओभरमै दुई विकेट गुमायो। त्यसपछि तेस्रो विकेटका लागि मार्क वाट र पवन सर्राफले ५८ रनको साझेदारी गरे। वाट पनि नवौं ओभरमा भीम सार्कीबाट डाइरेक्ट हिटमार्फत् रनआउटको सिकार बने। उनले ३० रन बनाउने क्रममा २७ बलमा १ चौका र २ छक्का प्रहार गरे।

पवन सर्राफले ३५ रन बनाउने क्रममा २९ बलमा २ चौका र २ छक्का प्रहार गरे। उनी १२औं ओभरको पहिलो बलमा सन्तोष यादवको एलबिडब्लूको धरापमा परे। नाजिबुल्लह जाद्रान १४ बलमा १२ रन बनाएर पेभिलियन फर्के। कप्तान सोमपाल कामी ६ रनमा मिलिन्द कुमारबाट कट एन्ड बउन्ड भएका थिए। १९औं ओभरको अन्तिम बलमा दिपक डुम्रे १० रनको स्थितिमा रशिद खानबाट बोल्ड भए।बलिङमा काठमान्डुका रशिद खानले २ विकेट लिए। उनले ४ ओभरमा ३७ रन दिए। करण केसी, मिलिन्द कुमार र सन्तोष यादवले १-१ विकेट लिए।

## एमटिभीका अन्तर्राष्ट्रिय सङ्गीत च्यानल बन्द हुँदै

एएफपी

लन्डन ।सन् १९८१ मा 'भिडियो किल्ड द रेडियो स्टार' प्रसारण गर्दै सङ्गीत र पप संस्कृतिमा क्रान्ति ल्याएको एमटिभीले अब यस वर्षको अन्त्यसम्ममा विश्वभरिका आफ्नो अन्तर्राष्ट्रिय सङ्गीत च्यानलहरू बन्द गर्ने निर्णय गरेको छ । अनलाइन स्ट्रिमिङ प्लेटफर्म र सोसल मिडियासँग कडा प्रतिस्पर्धा बढेपछि, अहिले प्यारामाउन्ट-स्काइडान्सको स्वामित्वमा रहेको एमटिभीको यो कदमलाई धेरैले 'एक युगको अन्त्य' को रूपमा लिएका छन् ।

प्यारामाउन्टका स्रोतहरूले एमटिभी म्युजिक, एमटिभी हिट्स तथा ८० र ९० को दशकका थिममा आधारित विभिन्न सङ्गीत च्यानलहरू आगामी महिनाहरूमा बेलायत र अन्य युरोपेली मुलुकहरूमा बन्द हुने कुरा पुष्टि गरे । मिडिया रिपोर्टहरूले फ्रान्स, जर्मनी, पोल्यान्ड, अस्ट्रेलिया र ब्राजिलमा पनि वर्षको अन्त्यसम्म यी च्यानलहरूको प्रसारण रोकिने जानकारी दिएका छन् ।यस समाचारपछि निराश प्रशंसकहरू र पूर्व एमटिभी भिडियो जाकीहरू–भिजेहरू–ले यसलाई पुरानो स्मृतिहरूले भरिएको साङ्गीतिक युगको अन्त्य भन्दै प्रतिक्रिया दिएका छन् ।


म्यानचेस्टर मेट्रोपोलिटन विश्वविद्यालयकी स्क्रिन स्टडिजकी प्राध्यापक किर्स्टी फेयरक्लोले अहिले एमटिभीलाई 'क्रान्तिकारी' बनाउने वातावरण नै हराइसकेको बताउँदै युट्युब, टिकटकजस्ता डिजिटल प्लेटफर्मले सङ्गीत सुन्ने र हेर्ने संस्कारलाई पूर्ण रूपमा रूपान्तरण गरिदिएको बताउनुभयो । दर्शकहरू अहिले टेलिभिजनका अगाडि बस्नेभन्दा 'तत्काल पहुँच' र 'अन्तरक्रियाशीलता' खोज्छन्, जुन नन-स्टप म्युजिक भिडियो चल्ने परम्परागत च्यानलहरूले दिन नसक्ने फेयरक्लोको बुझाइ छ ।

सन् १९९० को दशकमा एमटिभी युरोपका डान्स म्युजिक कार्यक्रम निर्देशन गरेका जेम्स हाइम्यानले इन्टरनेट सर्वव्यापी हुनुअघि एमटिभीले पाएको सफलता 'असाधारण' रहेको स्मरण गर्नुभयो । उहाँ पार्टी जोन कार्यक्रमको केन्द्रमा रहनुभएको थियो, जसले क्लब, टेक्नो, हाउस र ट्रान्स सङ्गीतलाई लोकप्रिय बनायो । एमटिभी युरोपपछि क्षेत्रीय च्यानलहरूमा विभाजन हुँदै गएर सन् २००० को दशकमा सङ्गीतभन्दा रियालिटी शोतर्फ मोडिएपछि हाइम्यान र भिजे सिमोन एन्जेल दुवैले च्यानल छाड्नुभएको थियो ।

एन्जेलका अनुसार एमटिभीको पतनको सुरुआत मूल, धारदार सङ्गीत सामग्री त्यागेर व्यावसायिकतामा बढी झुक्दा सुरु भयो । "सुरुमा एमटिभी केवल पैसा कमाउने प्लेटफर्म थिएन, प्रयोगात्मक भावना नै यसको सबैभन्दा ठूलो आकर्षण थियो", उहाँले सम्झनुभयो ।बेलायतका सञ्चार विश्लेषक बार्बको तथ्याङ्क अनुसार एमटिभी म्युजिक सन् २०२५ जुलाईमा झन्डै १३ लाख घरधुरीसम्म पुगेको थियो । तर २००१ मा एमटिभी बेलायत र आयरल्यान्डको सङ्गीत च्यानलहरूले एक करोडभन्दा बढी दर्शकको पहुँच बनाएका थिए, जसले फलोअरमा आएको उल्लेखनीय गिरावटलाई सङ्केत गर्दछ ।

प्यारामाउन्टले स्काइडान्ससँग विलयपछि ठूलो मात्रामा खर्च कटौती गर्न थालेको छ । गत महिना मात्र कम्पनीले एक हजार रोजगारी कटौती गर्नुपर्ने निर्णय गरिसकेको भने अन्य केबल टेलिभिजन च्यानलहरूको समीक्षासमेत भइरहेको छ ।

# सौराहामा पर्यटन प्रवर्द्धन गर्न हात्ती महोत्सव



चितवन । पर्यटकीय नगरी सौराहामा पर्यटन प्रवर्द्धनका लागि हरेक वर्ष हुँदै आएको हात्ती तथा पर्यटन महोत्सव यस वर्ष आगामी पुस ११ गतेदेखि १३ गतेसम्म हुने भएको छ । क्षेत्रीय होटल सङ्घ नेपाल चितवनको आयोजना तथा यूनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाको सहआयोजनामा महोत्सव गर्न लागिएको हो ।

विसं २०५५ देखि सुरु भएको चितवन हात्ती तथा पर्यटन महोत्सवमा यस वर्ष हात्तीको श्रृङ्गार प्रतियोगिता, हात्तीको वनभोज, हात्तीको स्वास्थ्य शिविर, हात्तीको दिनचर्याबारे जानकारी दिनेलगायत कार्यक्रम गरिने आयोजकले जनाएको छ ।

महोत्सव संयोजक गुणराज थपलियाका अनुसार पालिकास्तरीय डुङ्गा दौड प्रतियोगिता, हात्ती मैत्री प्रतियोगिताहरू, सफारी टुरिजम प्रवर्द्धनका लागि पाहुनालाई हात्ती, जिप तथा डुङ्गा सफारी गराइने छ । महोत्सवमा ८० वटा हात्तीलाई सहभागी गराइने उहाँले जानकारी दिनुभयो ।

चितवनको पर्यटन, सम्भावना र चुनौतीसम्बन्धी अन्तर्क्रिया, विभिन्न प्रतियोगितालगायत कार्यक्रमहरु गरिने संयोजक थपलियाले बताउनुभयो ।

उहाँका अनुसार चित्रकला प्रतियोगिता, मानव वन्यजन्तु सहअस्तित्व, पर्यापर्यटन र संरक्षणमा हात्तीको महत्वसम्बन्धी विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता, हात्तीको महत्वबारे संरक्षकर्मी, वातावरणविद्, पूर्वसंरक्षण अधिकृतहरूको सन्देशमूलक सामग्री प्रदर्शन गरिने छ ।

महोत्सवले २५ देखि ३० प्रतिशत पर्यटकको आगमनमा बृद्धि हुने अनुमान आयोजकले गरेको छ । संयोजक थपलियाका अनुसार यस अवधिमा आएका पाहुनाका लागि क्षेत्रीय होटल सङ्घ र रेवान सौराहामा आबद्ध सदस्यहरूले होटल तथा रेष्टुरेन्टमा आवास र खानामा १० प्रतिशत छुट गर्ने सहमति भएको छ ।

महोत्सवमा २५ वटा विभिन्न सामग्रीसहितका स्टल (कक्ष) रहने क्षेत्रीय होटल सङ्घका अध्यक्ष ओमप्रकाश पाण्डेले जानकारी दिनुभयो । सो अवधिमा २० हजार दर्शकले महोत्सव अवलोकन गर्ने अनुमान गरिएको उल्लेख गर्दै उहाँले जैविक विविधता तथा वन्यजन्तुको पर्यटकीय राजधानीका रूपमा रहेको चितवनमा सफारी पर्यटनको विकासका लागि हात्तीबिना कल्पना गर्न नसकिने धारणा राख्नुभयो ।

चितवन राष्ट्रिय निकुञ्जको प्रमुख प्रवेशद्वार सौराहा हो । निकुञ्ज र मध्यवर्ती सामुदायिक वनमा घुम्न आउने पर्यटक यहाँका होटलमा बस्ने गर्दछन् । यो निकुञ्ज सफारीका लागि विश्वमा प्रख्यात मानिन्छ । कम पर्यटक आउने समयमा पर्यटकीय गतिविधि बढाउनका लागि हरेक वर्ष यो समयमा महोत्सव गर्ने गरिएको आयोजकले जनाएको छ । यसले पर्यटन प्रवर्द्धनका साथै रोजगारीका अवसर सृजना हुने अपेक्षा आयोजकको छ ।रासस

# विषादी परीक्षण केन्द्र सञ्चालन

**देशका छ हजार ७४३ वडामध्ये ललितपुर-३ ले उत्कृष्ट काम गरेको कुरा निर्विवाद छ भन्दै यो वडा महानगरको २९ वडामध्ये सबैभन्दा बढी राजस्व सङ्कलन गर्ने वडा पनि भएको बताउनुभयो ।**

पाटन । ललितपुर महानगरपालिका-३ कार्यालयले विषादी परीक्षण केन्द्र सञ्चालनमा ल्याएको छ । आफ्नो वडा कार्यालयभित्र बिक्री हुने तरकारी तथा फलफूलमा प्रयोग भएको विषादीको परीक्षण गर्न वडा कार्यालयले झम्सिखेलस्थित ठाडोढुङ्गामा रहेको 'हाम्रो घर'मा विषादी परीक्षण केन्द्रको सुरुआत गरेको हो ।



परीक्षण केन्द्रको उद्घाटन गर्दै ललितपुर महानगरप्रमुख चिरीबाबु महर्जनले विषादीयुक्त तरकारी तथा फलफूलको प्रयोगका कारण नगरवासी रोगी हुँदा समस्या सृजना हुने भन्दै यसका लागि विषादी परीक्षण केन्द्र उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो ।

"नगरवासी रोगी हुँदा यहाँको उत्पादकत्व र जीवनशैलीमा प्रभाव पर्छ, यहाँका नागरिक रोगी भए भने यो महानगर स्मार्ट सिटी हुन सक्दैन, महानगरवासी निरोगी हुँदामात्र समृद्ध र सुखी महानगर कायम रहन सक्छ", उहाँले भन्नुभयो । उहाँले देशका छ हजार ७४३ वडामध्ये ललितपुर-३ ले उत्कृष्ट काम गरेको कुरा निर्विवाद छ भन्दै यो वडा महानगरको २९ वडामध्ये सबैभन्दा बढी राजस्व सङ्कलन गर्ने वडा पनि भएको बताउनुभयो ।

"म नगरप्रमुख भएको आठ वर्षभन्दा बढी भइसकेको छ, हामीले आठ वर्षभित्र सम्पदा र पूर्वाधार क्षेत्रमा धैरै काम गरेका छौं, समयसापेक्ष आउने नयाँ परियोजनालाई पनि ध्यान दिएर सञ्चालन गर्नेछौं, महानगरलाई स्मार्ट सिटी बनाउन धैरै काम गरिरहेका छौं, महानगरले उत्कृष्ट काम गरेको छ", महानगरप्रमुख महर्जनले भन्नुभयो।

महानगरप्रमुख महर्जनले हरियाली कायम गर्ने काममा महानगरको सडकका दायाँबायाँ रुख रोपेर हरियाली कायम गरेर यहाँको वातावरणलाई सफा र स्वच्छ बनाउने प्रयत्न गरेको बताउनुभयो । जाडोयाममा प्रविधिको प्रयोग गरेर सडक वरपरका सडकलाई पानी दिने र पखाल्ने काम गरेका छौं भने भूकम्पले क्षति पुर्याएका सबै मठमन्दिर, देवालय, शिवालयको मर्मतसम्भार गरेका छौं भन्नुभयो ।

राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माले वडाका हरेक क्रियाकलापमा आफू निकट रहेको जानकारी गराउँदै शिक्षा र स्वास्थ्यको क्षेत्रमा राम्रो काम गरेर वडावासीलाई उत्साह भर्ने काम वडाले गरिरहेको धारणा राख्नुभयो । अध्यक्ष शर्माले बालबालिकालाई नैतिक शिक्षाको ज्ञान दिलाउँदै उनीहरूले प्राप्त गरेको सीपलाई व्यवहारमा उतार्न सिकाउँदै संस्कृति र सम्पदालाई जगेर्ना गर्न सिकाउनुपर्ने आवश्यकता रहेकामा जोड दिनुभयो ।

ललितपुर-३ का अध्यक्ष गोपाल महर्जनले वडावासीले प्रयोग गर्ने हरेक खाद्य सामग्रीमा भएको विषादीले मानिसलाई रोगी बनाएको भन्दै तरकारी र खाद्य पदार्थमा विषादी भए/नभएको परीक्षण गरेरमात्र उपयोग गर्न विषादी परीक्षण केन्द्र सञ्चालनमा ल्याइएको बताउनुभयो । उहाँले वडाभित्र व्यापार गर्ने तरकारीमा विषादीको परीक्षण गरेर अत्यधिक विषादी भएको पाइएमा कानुनअनुसार कारबाही गर्ने बताउनुभयो । कार्यक्रममा गत वर्ष एसइई उत्तीर्ण गर्ने १७ तथा कक्षा १२ उत्तीर्ण गर्ने आठ जनालाई सम्मान तथा पुरस्कृतसमेत गरिएको थियो ।रासस

# चिलिमेले बनाउने भयो चुम्चेत स्यार खोला जलविद्युत् आयोजना

काठमाण्डु । सरकारले थप तीन जलविद्युत् आयोजनालाई विद्युत् उत्पादन अनुमति प्रदान गरेको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय मातहतको विद्युत् विकास विभागले चुम्चेत स्यार खोला जलविद्युत् आयोजनालाई विद्युत् उत्पादन अनुमति प्रदान गरेको छ । सो आयोजनाको क्षमता ४५ मेगावाट बराबर रहेको छ ।चिलिमे जलविद्युत् कम्पनीले निर्माण गर्ने सो आयोजनाको आयोजना स्थल गोरखाको चुम्चेतमा रहेको छ । बुढीगण्डकी नदीमा निर्माण हुने सो आयोजना नदी प्रवाही प्रकृतिको हो । आयोजनाबाट वार्षिक तीन सय ४८ गिगावाट घण्टा बराबरको ऊर्जा उत्पादन हुनेछ ।

उत्पादित बिजुली प्रस्तावित न्यू बुढीगण्डकी प्रोक सवस्टेशनमा जोडिनेछ । कूल एक सय १० किलोमिटर लामो दुई सय २० केभी क्षमताको प्रसारण लाइनमार्फत जोडिनेछ । सो प्रसारण लाइन राष्ट्रिय प्रसारण ग्रीड कम्पनीले निर्माण गर्दैछ । रसुवागढी, साञ्जेन र मध्य भोटेकोशी जस्ता आयोजना निर्माण सम्पन्न भइसकेकाले आयोजनाको अभाव रहेको चिलिमे जलविद्युत् कम्पनीका लागि स्यार खोला अर्को एउटा महत्वपूर्ण परियोजनाका रुपमा रहेको छ ।

यस्तै, विभागले मिडिल लिखु जलविद्युत् आयोजनालाई विद्युत् उत्पादन अनुमति प्रदान गरेको छ । सो आयोजना आठ दशमलव ६० मेगावाट रहेको छ । रामेछापको साँघुटारमा आयोजना निर्माण हुनेछ । विभागले छोमरोङ खोला जलविद्युत् आयोजनालाई पनि विद्युत् उत्पादन अनुमतिपत्र प्रदान गरेको छ । घान्द्रकु हाइड्रोले निर्माण गर्ने सो आयोजना चार दशमलव ८९ मेगावाट बराबर छ ।

विभागले हालसम्म दुई सय ६३ आयोजनालाई विद्युत् उत्पादन अनुमतिपत्र प्रदान गरेको छ । ती आयोजनाको कूल क्षमता ११ हजार ९७ मेगावाट बराबर छ । विभागले चालु आवको हालसम्म १३ जलविद्युत् आयोजनालाई विद्युन् उत्पादन अनुमतिपत्र प्रदान गरेको छ ।

यसैगरी विभागमा चालु आवको हालसम्म कूल ४२ आयोजनाले सर्वेक्षण अनुमतिका लागि आवेदन दिएका छन् । विभागमा हालसम्म कूल एक सय ९३ आयोजनाले सर्वेक्षण अनुमतिका लागि आवेदन दिएका छन् । ती आयोजनाको क्षमता नौ हजार छ सय ८९ मेगावाट रहेको छ ।रासस

# इम्बार्क अनम्याथ र प्रीमियर स्कुलद्वारा एनपिएल थीममा गणित-अक्शन सत्र सम्पन्न

**टुडे समाचारदाता**

काठमाण्डु । इम्बार्क अनम्याथले प्रीमियर इन्टरनेशनल आइबी कन्टिन्यूम स्कुलसँग साझेदारी गर्दै कात्तिक ६ गते (नोभेम्बर २१) नेपाल प्रिमियर लिग (एनपिएल) सिजन २ बाट प्रेरित 'गणित-अक्शन' सत्र सम्पन्न गरेको छ । नयाँ सिकाइ-केन्द्रित उक्त कार्यक्रममा विद्यार्थीहरूले लाइभ मोक क्रिकेट अक्शनमार्फत खेलकुदको रोमाञ्च र गणितीय अवधारणाको संयोजन अनुभव गरे ।



सत्रमा ६० विद्यार्थी, तीन शिक्षक तथा चितवन राइनोजका विशेष अतिथि बिपिन आचार्य सहभागी थिए । आचार्यले अनलाइन प्रस्तुतीमार्फत खेलाडी छनोटमा आवश्यक रणनीति र आफ्नो पेशागत अनुभव साझा गरे ।

गतिविधिको उद्देश्य विद्यार्थीलाई गणितीय सिद्धान्तहरू वास्तविक परिस्थितिमा कसरी प्रयोग हुन्छन् भन्ने बुझाउने थियो। उनीहरूले सांख्यिकीय विश्लेषण, बजेट व्यवस्थापन, सम्भाव्यता र रणनीतिमूलक योजना प्रयोग गर्दै निर्धारित रकमभित्र सन्तुलित टिम निर्माण गर्ने अभ्यास गरे ।

इम्बार्क अनम्याथका सह-संस्थापक दिवेश बठीजाले गणित व्यावसायिक खेलकुदमा कति महत्वपूर्ण छ भन्नेमा जोड दिँदै भने, "फ्रेन्चाइज टिमका लागि खेलाडीको उचित संख्या र क्षमताको संयोजन मिलाउन गणित मुख्य आधार हो। प्रभावकारी निर्णय गणित र योजनाबिना सम्भव हुँदैन ।"

कार्यक्रममा सहभागी विद्यार्थीहरूले पनि मोडल अक्शनले उनीहरूको निर्णय-क्षमता, जोखिम मूल्यांकन तथा रणनीतिक सोचलाई मजबुत बनाएको प्रतिक्रिया दिए। एक विद्यार्थीले भने, "हामीले कहाँ लगानी गर्ने, कसरी जोखिम लिने र समूहलाई कसरी व्यवस्थापन गर्ने भनेर सोच्नुपर्‍यो। यो अनुभव साँच्चिकै स्मरणीय रह्यो ।"

प्रीमियर इन्टरनेशनल स्कुलले अनुभवात्मक तथा खोजमूलक शिक्षालाई प्राथमिकता दिने गरेको छ । स्कुलका अनुसार यस किसिमका व्यावहारिक परियोजनाले विद्यार्थीलाई मात्र गणितमा दक्ष बनाउँदैन, दैनिक जीवनका जटिल चुनौती समाधानका लागि आवश्यक आत्मविश्वास र सीप पनि विकास गर्छ । २०१२ मा स्थापना भएको अनम्याथ स्कुलले विद्यालयमा गणित सिकाइका विधिलाई आधुनिक र प्रभावकारी बनाउँदै आएको छ ।

# अर्मनमा अलैँचीखेतीको परीक्षण सफल

म्याग्दी । म्याग्दीको मङ्गला गाउँपालिका-५ अर्मनमा परीक्षणका रूपमा लगाइएको अलैँचीखेती सफल भएको छ । परीक्षणका लागि पाँच वर्षअघि गरिएको अलैँचीखेती सफल भएपछि व्यावसायिक रूपमा खेती विस्तार गर्न थालिएको हो ।



टिकावाङका १२ परिवारले व्यावसायिक अलैँचीखेती गरेका स्थानीय दिलबहादुर थापाले बताउनुभयो । "अनुकूल हावापानी, भूगोल, बजार र मूल्य पाइने भएपछि बाँझिएको ओसिलो जमिनमा झाँडी फाँडेर अलैँचीखेती विस्तार गर्न थालेका छौँ", अलैँचीखेती गर्दै आउनुभएका उहाँले भन्नुभयो "यसवर्ष एकजना किसानले बढीमा चार क्विन्टलसम्म अलैँची बेचेका छन् ।"

थापाले घरबाटै प्रतिकिलो रु एक हजार ९५० का दरले तीन सय ८० किलो अलैँची बिक्री गरेको जानकारी दिनुभयो । उहाँले परीक्षणका लागि विसं २०७४ मा अलैँचीखेती सुरु गर्नुभएको थियो । यसवर्ष टीकावाङका शेरबहादुर थापाले ८० किलो र दुर्गाबहादुर थापाले १५ किलो अलैँची बिक्री गर्नुभएको छ । एकजना किसानले न्यूनतम दुईदेखि १० किलो अलैँची बिक्री गरेका छन् ।

अर्मनको टिकावाङका साथै खोलाखर्कमा पनि अलैँचीखेती गरिएको छ । म्याग्दीको अन्य ठाउँमा अलैँचीखेती भएको छैन् । मङ्गला गाउँपालिकाको कृषि शाखाका प्राविधिक जगत बानियाँले जिल्लाको अर्मनमा मात्र व्यावसायिक अलैँचीखेती भएको बताउनुभयो । अर्मनमा अलैँचीखेतीको परीक्षण सफल भएपछि किसान उत्साहित भएका उहाँको भनाइ छ ।

यहाँबाट वार्षिक रु १५ लाख मूल्य बराबरको अलैँची बिक्री हुने गरेको कृषि शाखाका प्राविधिक बानियाँले जानकारी दिनुभयो । प्रशस्त अलैँची उत्पादन गर्नसके बजारको समस्या नरहेको उहाँको भनाइ छ । पूर्वी नेपालको कोशी प्रदेशको पहाडी जिल्लामा खेती हुँदै आएको अलैँचीलाई 'कालो सुन' भन्ने गरिन्छ । कृषि प्राविधिकका अनुसार समुद्री सतहबाट ८०० देखि एक हजार ८०० मिटर उचाइको ओसिलो ठाउँमा अलैँचीखेती हुन्छ ।

वार्षिक दुई हजारदेखि दुई हजार ५०० मिलिलिटर वर्षा हुने ठाउँमा अलैँचीखेती उपयुक्त मानिने कृषि शाखाका प्राविधिक बानियाँले जानकारी दिनुभयो । "अलैँचीखेतीका लागि शितोष्ण आद्रता भएको जलवायु चाहिन्छ। नेपालमा रामशाही, गोलशाही र डम्मर शाही जातको अलैँचीखेती हुने गरेको छ", उहाँले भन्नुभयो ।

मङ्गला गाउँपालिकाका अध्यक्ष शतप्रसाद रोकाले टीकावाङ, खोलाखर्कलगायत अर्मनका ओसिलो क्षेत्रलाई अलैँचीको पकेट क्षेत्रका रूपमा विकास गर्न कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो ।

पालिकाले अलैँचीका बिरुवा खरिदमा अनुदान, टिप्ने, भण्डारण गर्ने औजार, उपकरणमा सहयोग, खेतीसम्बन्धी प्राविधिक ज्ञानसीपसहितको तालिम र बजारीकरणमा सहजीकरण गगरिरहेको उहाँले जानकारी दिनुभयो ।रासस

# तीन हजार किसान काँक्रा बेचेर कुस्त कमाउँदै



मध्यविन्दु । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को हुप्सेकोट गाउँपालिका-१ जुकेपानीका किसान काँक्रा टिप्न र बिक्री गर्न व्यस्त छन् । स्थानीय रवीन्द्र रजालीले विगत २६ वर्षदेखि व्यावसायिक रूपमा काँक्राखेती गर्दै आउनुभएको छ । दुई बिघामा खेती गर्नुभएका उहाँले लागत खर्च कटाएर वार्षिक रु २० लाखसम्म आम्दानी हुने गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "एक बाली धान लगाएर काँक्रा लगाउने गरेकामा अहिले तीन बालीसम्म काँक्रामात्रै लगाउने गरेका छौं ।"


तरकारी सुपरजोन कार्यक्रमका संयोजक तथा किसान थमन रजालीका अनुसार हुप्सेकोट गाउँपालिकामा करिब तीन हजार किसान काँक्राखेतीमा संलग्न छन् । रजालीले भन्नुभयो, "हामीले १४ वर्षदेखि काँक्राखेती गरिरहेका छौं । यस वर्ष ८० टनभन्दा बढी बिक्री गर्ने लक्ष्य छ ।"कार्यक्रमका संयोजक रजालीका अनुसार कृषि पकेट क्षेत्रका रूपमा परिचित हुप्सेकोट गाउँपालिकाको वडा नं १ मा अधिकांश किसानले काँक्रा फलाउने गरेका छन् । उनीहरूको व्यावसायिकता साँच्चिकै लोभलाग्दो छ । वर्षमा तीन बाली काँक्राखेती गर्ने उनीहरूलाई आर्थिक अभाव विरलै हुन्छ ।

धान बालीमात्र लगाउँदै आउनुभएकी दिलमाया परियारले काँक्राबाट मनग्ये आम्दानी गर्न सकिने थाहा पाएपछि छ वर्षदेखि व्यावसायिक रूपमा काँक्राखेती लगाउँदै आउनुभएको छ । "दुई कट्ठामा लगाएको काँक्राबाट खर्च कटाएर वर्षमा रु दुई लाखसम्म आम्दानी हुने गरेको छ", परियारले भन्नुभयो ।राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका अनुसार हुप्सेकोट गाउँपालिकाको वडा नं १, २, ३ र ४ मा तीन सय ५० हेक्टर क्षेत्रफलमा भक्तपुरे लोकलसहित अन्य काँक्राको व्यावसायिक खेती हुने गरेको छ । भदौको अन्तिमदेखि फागुनसम्म निरन्तर उत्पादन हुने काँक्रा काठमाडौं, बुटवल, नारायणगढलगायतका ठूला बजारमा बिक्रीका लागि लगिने गरिएको छ ।

समूहसँगै व्यवसाय दर्ता गरी काँक्राखेतीमा रमाएका किसानलाई ५० प्रतिशत अनुदानमा बीउ, प्लास्टिक मल्चिङ्ग, प्याकेजिङ प्लास्टिक, तराजु, डोरीलगायत सामग्री गाउँपालिकाले सहयोग गर्दै आएको हुप्सेकोट गाउँपालिका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले बताउनुभयो । गाउँपालिका क्षेत्रबाट उत्पादन हुने सागसब्जी बजार पुर्‍याउन पनि पालिकाले सहयोग गर्दै आएको छ ।रासस

# विकट गाउँमा सडक नपुग्दा सास्ती

ढोरपाटन । जैमिनी नगरपालिका-८ सल्यानधारा गाउँमा अहिलेसम्म सडक पुगेको छैन । छिमेकी गाउँमा मोटरबाटो पुगेको वर्षौं भयो । तर यस गाउँका स्थानीय गाडी चढ्नका लागि अर्को गाउँमा पुग्नुपर्ने बाध्यता छ । नगरपालिकाले सडक पुर्याउन वर्षौंदेखि प्रयास गर्दै आएको छ । वडा नं ८ कै केवैखानी गाउँ र सल्यानधाराको बीचमा ठूलो भिर र चट्टानसहितको पहरा हुँदा सडकले जोडिन नसकेको हो ।



सल्यानधारालाई सडक सञ्जालमा जोड्न धुस, वाइनकुना र अर्को छिस्ती केवैखानी हुँदै सडकको निर्माण गरिँदैछ । केवैखानी हुँदै जोड्नका लागि अब करिब एक सय मिटर बाँकी रहेको जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले जानकारी दिनुभयो । वाइनकुनाबाट अझै डेढ किलोमिटर सडक निर्माण गरेपछि मात्र सल्यानधारा गाउँमा मोटरबाटो पुग्ने उहाँको भनाइ छ ।

वाइनकुनाबाट जोड्न छोटो पर्ने भए पनि ठूलो भिर पहराका कारण अहिलेसम्म सडक पुर्याउन नसकेको उपप्रमुख शर्माले बताउनुभयो । सल्यानधारालाई सडकले जोड्न हालसम्म रु दुई करोड बढी बजेट खर्च भइसकेको उहाँ बताउनुहुन्छ । निकै अप्ठ्यारो भूगोलका कारण अहिलेसम्म उक्त गाउँमा सडक नपुगेको उपप्रमुख शर्माको भनाइ छ । यस वर्ष पनि रु छ लाख बजेटले पहरा फोड्ने काम भइरहेको छ । बजेट व्यवस्थापन भए यसै वर्ष सल्यानधारामा सडक पुग्ने उहाँ बताउनुहुन्छ ।

"सल्यानधारामा सडक पुर्याउनका लागि हामीहरूले प्रयास गर्दै आएको धैरै भयो, तर अहिलेसम्म पुर्याउन सकिरहेका छैनौं, तर यस वर्ष जसरी पनि पुर्याउनुपर्छ भनेका छौं, गाउँ जोड्ने बीचमा ठूलो चट्टानसहितको भिर हुँदा त्यसलाई फुटाउन गाह्रो भएको हो", उपप्रमुख शर्माले भन्नुभयो, "यसपालि अलि कम बजेट थियो, यद्यपि काम राम्रै भयो, केही बजेट व्यवस्थापन गर्न सके यही आर्थिक वर्षभित्र सल्यानधारामा सडक पुर्याउन सकिन्थ्यो ।"

स्थानीय डोल्मा गाहामगरले सडकले गाउँ नजोडिँदा यात्रा र सामान ढुवानी गर्न समस्या भोग्नुपरेको बताउनुभयो । छिमेकी गाउँमा घर अगाडि नै गाडी गुड्ने भए पनि सल्यानधारानै यातायताको सुविधाबाट वञ्चित रहेको उहाँको भनाइ छ । अहिले पनि यस स्थानीयले बोकेरै नुन, तेल, चामललगायतका दैनिक उपभोग्य सामान लिने गरेको उहाँले सुनाउनुभयो ।रासस


## भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषा

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा देवपुरा रुपैठा गा.वि.स. वडा नं.४ हाल परिवर्तित जनकपुर र.म.न.पा. वडा नं.२० मा बस्ने झोटी कवारीको नाती नेवी कवारीको छोराहरु लतिफ कवारी र कारी कवारीहरुले मेरो बुवा नेवी कवारीको नाउँमा साविक मौजे रुपैठा बेल्हीको सा.कि.नं. २९८८ र २९८९ क्षेत्रफल ०-१-१६-० र ०-२-१०-२ जग्गा सर्वे नापी हुँदा जि.ध. गा.वि.स. देवपुरा वडा नं.५क कि.नं. ६ क्षेत्रफल ०-४-१०-० जग्गा नेवी कवारीको नाउँमा नापनक्सा भई दर्ता गर्न छुट भएकोमा बुवा नेवी कवारीको मिति २०६०/१०/११ गतेमा र आमा नबुदनी देवीको मिति २०७४/०९/०१ गतेमा आ-आफ्नो कालगतीले स्वर्गवास भई निजहरुको हकभोग खाने दुई छोराहरु हामी निवेदकहरु लतिफ कवारी-१ र कारी कवारी-१ भएकोले हाम्रो नाउँमा छुट जग्गा दर्ता नामसारी गरि पाउँ भनी द.नं.१६२७७ मिति २०७९/१२/०९ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८२/०८/१२ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दाबी बमोजिम निवेदकहरुको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | देवपुरा | ५क | ६ | ०-४-१० | जग्गाधनी महल नेवी कवारी, किसानको महल खाली र कैफियत महलमा यो जग्गा पंचायत देवपुर वडा नं. ४ बस्ने नेवी कवारीको नम्बरी हो । |

# नयाँ इतिहास लेख्न अब युवाहरु उठ्नु पर्छ : अध्यक्ष यादव



**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले देशको नयाँ इतिहास लेख्न युवाहरुलाई आह्वान गरेका छन् ।

आइतवार समाजवादी यूवा संघ, नेपालद्वारा जनकपुरधाममा आयोजित युवा नेतृत्व र सशक्तिकरण सम्मेलनमा सम्बोधन गर्दै अध्यक्ष यादवले नेपालको नयाँ इतिहास लेख्न यवाहरु अघि आउनुपर्नेमा जोड दिए ।

उनले विभिन्न देशहरुको उदाहरण दिँदै भने 'युवाहरुकै कारणले त्यहाँ ठूलो परिवर्तन आएको छ, अब मधेशका युवाहरुलाई पनि देशमा परिवर्तनका लागि अघि फ्रन्टलाईनमा आउनुपर्छ ।

उनले शिक्षा र रोजगार हाम्रो अधिकार भन्ने नारालाई अवलम्बन गर्दै युवाहरुलाई संगठित हुन आग्रह गर्दै भने जबसम्म युवाहरु सामाजिक कार्यदेखि विकास निर्माणमा राजनीतिक रुपले अघि बढदैन तबसम्म देशको विकास र समृद्धि छैन ।

अध्यक्ष यादवले युवाहरुलाई अब हुने चुनावमा सहभागी हुन आग्रह गरे । उनले चुनावमा सहभागी भएर आफ्नो मतको प्रयोग गरी भ्रष्टाचार र भ्रष्टाचारीलाई जडैदेखि उखालेर फ्यालेर देखाउन आग्रह गरे । उनले कम्युनिष्ट र कंग्रेसले ३५ वर्षदेखि देशमा कुनै विकास नगरेको आरोप लगाउँदै भने 'कंग्रेस र कम्युनिष्टकै रवैयाहसंग आजित भएर नेपालमा जेनजी आन्दोलन निम्तियो, अब पनि सचेत भएन भने देश कुन मोडमा जाने हो त्यसको परिकल्पना गर्न सकिदैन ।

भ्रष्टाचार रोक्न निर्वाचन प्रणालीलाई व्यवस्थित गर्न आवश्यक रहेको सुझाव दिँदै भने चुनावमा जति खर्च कम हुन्छ त्यतिनै भ्रष्टाचार कम हुन्छ । भ्रष्टाचार रोक्न कर्मचारीहरुको तलव पनि न्यून रहेकोले त्यसमा राज्यले विचार नगरेसम्म नियन्त्रण गर्न सकिदैन भन्नेमा जोड दिए ।

# जनमतको उम्मेदवार बन्न ३०/३५ लाख खर्च गर्न सक्ने शर्त


**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फ उम्मेदवार बन्न जनमत पार्टीले ३०/३५ लाख रुपैयासम्म खर्च गर्न सक्ने शर्त राखेका छन् ।

जनमतले प्रत्यक्ष तथा समानुपातिक उम्मेदवार बन्न चाहनेहरूका लागि खुल्ला गरेको आवेदनमा प्रत्यक्षतर्फ उम्मेदवार बन्न इच्छुक व्यक्ति निर्वाचन आयोगको सीमाभित्र रहेर ३०/३५ लाख रुपैयाँसम्म खर्च गर्न सक्षम हुनुपर्ने जनमतको सर्त छ ।

जनमत पार्टीका उपाध्यक्ष वसन्तकुमार कुशवाहाका अनुसार आयोगले तोकेको खर्च सीमाअनुसार कम्तीमा ३०/३५ लाख रुपैयाँ खर्च गर्न सक्षम हुनुपर्ने मापदण्ड बनाइएको हो ।

'प्रत्यक्षतर्फ उम्मेदवार हुँदा निर्वाचन खर्चका लागि तोकिएको मापदण्ड बमोजिमको ३० देखि ३५ लाख रुपैयाँसम्म खर्च गर्न सक्षम व्यक्ति हुनुपर्नेछ,' कुशवाहाले लोकान्तरसँग भने, 'त्यति रकम यदि बैंकमा छ भने बैंक स्टेटमेन्ट देखाए हुन्छ । किन भने निर्वाचनमा लाग्ने खर्च उसले कम्तीमा आफैं व्यहोर्ने व्यक्ति हुनुपर्छ ।'



उक्त रकम निर्वाचन प्रचार प्रसार समितिमा निर्वाचन अघि नै जम्मा गर्नुपर्ने सर्त समेत जनमतले राखेको छ । यसबाहेक समानुपातिकतर्फको उम्मेदवारका लागि पनि पार्टी र प्रत्यक्षतर्फको उम्मेदवारको चुनावमा प्रचार प्रसार तथा आर्थिक सहयोग गरेको हुनुपर्ने सर्त जनमतको छ ।

समानुपातिक उम्मेदवार ७७ वटै जिल्लाको भोटबाट निर्वाचित हुने भएकाले पार्टीको निर्देशन बमोजिम अन्य जिल्लामा प्रचार प्रसार गतिविधिमा खटिनुपर्ने र सो अनुसारको गाडी खर्च, खाने बस्ने तथा प्रचार प्रसार सामग्री खर्च व्यवस्थापन समानुपातिक उम्मेदवार आफैंले जोहो गर्नुपर्ने सर्त पनि जनमतले राखेको छ ।

समानुपातिक उम्मेदवारका लागि खर्च सीमा तोकिएको छैन ।

जनमत पार्टीले आवेदन माग गर्दा पार्टीको सदस्यता लिएको भए सदस्यता शुल्क बुझाएको हुनुपर्ने, अन्य पार्टीमा आबद्ध भए सो पार्टीको नाम तथा पद खुलाउन भनेको छ ।

त्यसैगरी, विगतमा कुनै निर्वाचनमा भाग लिएको भए सोको विवरण, राजनीतिक पृष्ठभूमि, जित्ने आधार, जित्ने रणनीति, अरूले सिफारिस गरेको भए सिफारिस गर्नेको विवरणसहित आवेदन दिन पार्टीले आग्रह गरेको छ ।

पार्टीले तोकेको मापदण्ड पूरा गरेका सम्भावित निवेदकहरूबाट छनोट गरी पार्टीको केन्द्रीय कार्यकारिणी समिति/सचिवालय समितिले अन्तिम उम्मेदवारको नाम घोषणा गरिने जनमतले जनाएको छ ।

# ब्राउन सुगरसहित दुई युवक पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहटको चन्द्रपुरबाट ब्राउन सुगर सहित दुई युवकलाई प्रहरीले पक्राउ गरेका छन् ।

ईलाका प्रहरी कार्यालय चन्द्रनिगापुरको टोलीले फरार प्रतिवादीलाई खोजतलास गर्ने गर्ने क्रममा उनले लगाएको पाइन्टको गोजीबाट १९० मिलिग्राम ब्राउन सुगर बरामद भएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरकी प्रमुख डिएस्पी रुपा लाबुङले बताएकी छिन् । कलवारको बयानको आधारमा चन्द्रपुर ६ का २८ वर्षीय राजेश



क्रममा लागुऔषध ब्राउन सुगर सहीत उनीहरू पक्राउ गरेको हो ।

बैंकिंग कसुरका फरार रहेका प्रतिवादी चन्द्रपुर ४ का ३२ वर्षीय छोरा भोला साह कलवारलाई गौर रोड नजिकैबाट असई निलेश पाठकको कमाण्डमा गएको टोलीले पक्राउ गरेको थियो ।

कलवार लाई चेकजाँच राईलाई पनि नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको डिएस्पी लाबुङले जानकारी दिएकी छिन् ।

पक्राउ परेका दुवैजना माथी लागुऔषध सम्बन्धी मुद्दा दायर गरी थप अनुसन्धान भइरहेको ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ ।

# मधेश भवन सुनसान

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेशको राजनीतिक अस्थिरताले गर्दा मधेश सरकारको विकास निर्माण कार्य ठप्प भएको छ ।



सरकार गठनको प्रक्रियाले देखिएको अस्थिरताले विकास निर्माणको कार्य ठप्पले सेवाग्राहीको आवागमनमा आएको कमीले सरकारको प्रमुख प्रशासनिक केन्द्र मधेश भवन समेत सुनसान रहेको छ । सरकार गठन प्रक्रियाको विवादले मन्त्रालयहरूमा मन्त्रीदेखि उच्च ओहदाका कर्मचारीहरू बस्ने नगरेकाले तल्लो तहका कर्मचारीहरू कोही बस्ने गरेका छैनन् ।

मधेश भवनस्थित मन्त्रालयका कर्मचारीहरुका अनुसार सचिवहरु कार्यालयमा बस्दैनन्, अधिकृत स्तरका कर्मचारीहरू हाजिर गरेर कार्यालय बाहिर जाने गरेका छन् । तल्लो तहका कर्मचारीहरु मात्र बस्ने गरेकाले आइतवार उच्च ओहदाका कर्मचारीहरुको कक्षमा ताल्चा लगाइएको र अधिकृत स्तरका कर्मचारीहरुको कुर्सीहरू खाली नै देखियो ।

गृह मन्त्रालयका एक कर्मचारीका अनुसार अहिले कार्यालय संचालनको प्रशासनिक काम मात्र भइरहेको छ । पीएलएमबीएस पनि बन्द र मन्त्री नभएकाले योजनातर्फको कुनै कामै भइरहेको छैन, त्यसले गर्दा काम गराउने सेवाग्राही नै आउँदैनन् । फाटफुट रुपमा केही सेवाग्राहीहरू कामका लागि आएपनि सचिव र अधिकृत नभेटिंदा तिनीहरु फर्केर जाने गरेका छन ।

मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेट कार्यान्वयन गर्नु पर्ने बेलामा दुई महिनाको अवधिमा दुई वटा सरकार परिवर्तन भइसकेको छ । अहिले तेश्रो मुख्यमन्त्री सरोज यादवको नियुक्तिको विषयमा विवाद हुँदा सरकारको काम नै ठप्प छ । नियुक्ति सम्बन्धी विवादमा सर्वोच्च अदालतमा मुद्दा जारी रहेको छ ।

सरकारलाई पनि सर्वोच्च अदालतले दीर्घकालीन असरपर्नेकुनैपनिनिर्णयनगर्नअन्तरिम आदेश दिइसकेकाले सेवाग्राहीहरू कमै मात्रामा मन्त्रालयमा आउने गरेका छन् । सोमवार अदालतको फैसला आउने सम्भावना रहेको छ ।

बजेट ल्याएका जनमत पार्टीका नेता सतिश कुमार सिंह नेतृत्वको सरकारले विश्वासको मत पाउन नसकेपछि सात दलको नेतृत्वमा लोसपाका नेता जितेन्द्र सोनारको नेतृत्वमा बनेको सरकारले पनि विश्वासको मत पाउने अवस्था नदेखेपछि आफै राजीनामा दिएका थिए ।

मधेश प्रदेश तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले कार्तिक २९ गते नेपालको संविधानको धारा १६८ को उपधारा ३ अनुसार मधेश प्रदेश सभामा रहेका सबैभन्दा ठूलो दलका नेता सरोज कुमार यादवलाई मुख्यमन्त्रीमा नियुक्त गरेर दुईजना मन्त्रीको शपथ गराएपछि सरकार गठन नै विवादमा परेको छ ।

यी कारणले गर्दा मधेश प्रदेशमा बढेको राजनीतिक अस्थिरताको असर प्रशासनिक केन्द्र मधेश भवनमा परेको देखिन्छ । भौतिक पूर्वाधार विकास, ऊर्जा, सिचाई तथा खानेपानीसहितका केही मन्त्रालय जेनजी आन्दोलनको क्रममा जलाइएको कारण पनि ती मन्त्रालयहरुको काम पूर्ण रुपमा सुचारु हुन नसक्दा सेवाग्राहीको उपस्थिति न्यून देखिएको छ ।

# सरकार अस्थिरताले प्रयोगशाला बन्द हुने अवस्थामा

**टुडे समाचारदाता**

जनकपुरधाम । राजनीतिक अस्थिरताले मधेश सरकारको कामकाज अस्तव्यस्त बनेको छ । आर्थिक वर्ष सुरू भएको साढे चार महिना बितिसक्दा पनि स्वास्थ्य मन्त्रालयले अहिलेसम्म आवश्यक औषधि, केमिकललगायतका आवश्यक सामग्री खरिद प्रक्रिया अघि बढाएको छैन ।

प्रदेश सरकारको कारणले विश्वासिलो र सर्वसुलभ सेवाका लागि सानो समयमा सेवाग्राहीहरूको मन जित्न सफल जनकपुरधाममा रहेका प्रदेश जनस्वास्थ्य प्रयोगशाला अहिले बन्द हुने स्थितिमा पुगेको छ ।




अशक्त, जेष्ठ नागरिक, दीर्घरोगीलगायत दैनिक अढाई सय भन्दा बढी बिरामीहरू स्वास्थ्य परीक्षणका लागि आउने गरे पनि यहाँ आवश्यक केमिकल छैन । २ सय ५० प्रकारको स्वास्थ्य परीक्षण गर्ने क्षमता रहे पनि अहिले भिटामिन डि, भिटामिन डि १२, हार्मोन, थाईराइड, लिपिड प्रोफाइललगायतका महत्त्वपूर्ण ५० प्रकार भन्दाबढीको परीक्षण लामो समयदेखि बन्द रहेको जनाइएको छ । मधेश प्रदेशको सबै १ सय ३६ वटा पालिकामा रहेका स्वास्थ्य प्रयोगशालाहरू पनि केमिकल अभावमा ठप्प छ। कर्मचारी खटन पटनमा लेनदेन, आधिकारिकताको कानुनी लडाइमा कर्मचारीहरूमा अदालतमा जाने प्रवृत्ति, खरिदका लागि निकालिएको टेन्डर रद्द, मन्त्रीमा कमिसनको मोहलगायतका कारण गत वर्ष पनि औषधि र केमिकल खरिद हुन सकेको थिएन ।

गत वर्ष स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको कुल ५ अर्ब २६ करोड ९६ लाख भन्दा बढीको बजेट रहे पनि कर्मचारीहरूको तलब-भत्ता, छलफल गोष्ठीलगायतका औपचारिक कार्यक्रमहरूमा ३ अर्ब ४३ करोड ५२ लाख खर्चिएको थियो । तर औषधि, केमिकल, स्वास्थ्य उपचार उपकरणलगायतका शिर्षकमा विनियोजित १ अर्ब ८२ करोड ४३ लाख भन्दाबढी बजेट फ्रीज भएको थियो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको अवस्था गत वर्षभन्दा पनि यस वर्ष सरकार गठनक प्रक्रियाको विवादले निकै खराब देखिएको छ। चालू आर्थिक वर्ष सुरू भएको साढे ४ महिना बितिसक्दा पनि प्रशस्त बजेट हुँदा-हुँदै पनि अहिलेसम्म औषधि खरिद हुन सकेको प्रदेश जनस्वास्थ्य प्रयोगशालाका एक कर्मचारीले बताएका छन ।

प्रदेश कोष नियन्त्रणक कार्यालयकाअनुसार नागरिकको स्वास्थ्य जस्तो संवेदनशील विषयलाई सरकारले गम्भीरतापूर्वक लिँदै गत वर्षको तुलनामा यस चालू आर्थिक वर्षमा १ अर्ब १९ करो भन्दा थप बढी बजेट विनियोजन गरेको छ। तर, महिनौंदेखि स्वास्थ्य मन्त्रालयमा मन्त्री नरहेको कारण खरिदलगायतका सम्पूर्ण योजना कार्यान्वयनका लागि वार्षिक कार्यविधि समेत कर्मचारीहरुले बनाउन सकेका छैनन् ।

# भ्रष्टाचार आरोपित पनि एमालेको प्रतिनिधि

**टुडे समाचारदाता**



सर्लाही । आगामी महाधिवेशनका लागि नेकपा एमाले सर्लाहीले प्रतिनिधि चयन प्रक्रियाबाट भ्रष्टाचारमासंलग्नलाई पनि प्रतिनिधिमा चयन गरिएको छ ।

चयन गरिएका प्रतिनिधिहरूमध्ये चर्चित अधिवक्ता राधिका खतिवडादेखि भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका एमालेका मधेश प्रदेश पूर्वसहसंयोजक रेवती पन्तसमेत छन्, जसले सर्वसम्मत चयन प्रक्रियामाथि प्रश्नचिह्न खडा गरेको छ ।

अधिवक्ता खतिवडा सर्लाही निर्वाचन क्षेत्र नम्बर २ बाट महिला क्लस्टरबाट प्रतिनिधि बनेकी हुन् । उनी आर्थिक अवस्था कमजोर भएका पीडितहरूको पक्षमा वकालत गरेर चर्चामा आएकी थिइन् ।

सर्लाहीका चारवटै निर्वाचन क्षेत्रबाट खुला, महिला, युवा र दलिततर्फका प्रतिनिधि सर्वसम्मत चयन भएका हुन् । पार्टीले लामो छलफलपछि आकांक्षीबिच सहमति जुटाएको जनाएको हो ।

निर्वाचन क्षेत्र नम्बर ३ बाट खुला क्लस्टरबाट प्रतिनिधि बन्न सफल भएका रेवती पन्त विशेष अदालतबाट भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका व्यक्ति हुन् ।

२०८१ असारमा विशेष अदालतले सर्लाहीको लालबन्दीस्थित झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानको भ्रष्टाचार प्रकरणमा पन्तसहित ५ जनालाई दोषी ठहर गरेको थियो ।

प्रतिष्ठानको नाममा सरकारबाट १७ करोड ९८ लाख ३३ हजार रुपैयाँ खर्च भइसक्दासमेत कामको प्रगति शून्य देखिएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान थालेको थियो ।

अख्तियारले २०८० असोज २१ गते मधेस प्रदेशका तत्कालीन आर्थिक मामिला तथा योजनामन्त्री विजय कुमार र सर्लाही लालबन्दी नगरपालिकाका पूर्वमेयर मानबहादुर खड्काविरुद्ध पनि मुद्दा दायर गरेको थियो ।

पन्त उक्त प्रतिष्ठानका अध्यक्ष थिए । प्रतिष्ठानको उद्देश्य लालबन्दी नगरपालिकासँगको सहकार्यमा विषालु सर्पको टोकाइमा प्रयोग हुने एन्टी स्नेक भेनम उत्पादन गर्ने तथा अनुसन्धान केन्द्र सञ्चालन गर्नु थियो ।

विशेष अदालतले पन्तलाई ८ वर्ष कैद र २ करोड ३५ लाख २९ हजार ३ सय ६८ रुपैयाँ असुल गर्न आदेश दिएको छ । पन्त २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा सर्लाहीको क्षेत्र नम्बर १ र ३ दुवै ठाउँबाट टिकटका लागि सिफारिस भए पनि कतैबाट पनि अवसर पाएनन् ।

# रोशनी मृत्यु प्रकरणमा श्रीमान पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम, मंसिर १४ गते । रोशनी झा मृत्यु प्रकरणमा उनका श्रीमान प्रशान्त मिश्रलाई प्रहरीले पक्राउ गरेको छ ।

जनकपुरधाम उपमहानगरपालिका ४ कटैया चौरीमा ससुराली भएकी रोशनीको मृत्यु प्रकरणमा उत्पन्न आशंकालाई दृष्टिगत गर्दै प्रहरीले प्रशान्तलाई आइतवार पक्राउ गरेको हो ।



शंकास्पद मृत्यु भएकी रोशनीका ससुराली पक्षले कहिले आत्महत्या गरेको, त कहिले भऱ्याङबाट लडेको भन्ने अस्पष्ट अभिव्यक्ति दिदैं आएका छन भने माइती पक्षले हत्या गरिएको भनी आरोप लगाउँदै न्यायका लागि गुहार गर्दै आएको छ ।

गत बिहीबार राति रोशनी भऱ्याङबाट लडेको भन्दै उनका श्रीमानले जनकपुरधामस्थित गोदावरी अस्पतालमा उपचारका लागि भर्ना गर्न लगेका थिए । तर अस्पताल पुगेपछि चिकित्सकले मृत घोषणा गरेको स्थानीयको भनाई छ । उता माइती पक्षले सोधखोज गर्दा पासो लगाई आत्महत्या गरेको भनी ससुराली पक्ष पन्छिन खोजेका थिए ।

तर माइत पक्षले शवको प्रकृति हेरेपछि घाँटी थिचेर हत्या गरेको आरोप लगाउँदै तीन दिनदेखि न्यायका लागि प्रहरीमा गुहार लगाउँदै आएको थियो । प्रहरीले कुनै सुनुवाई नगरेपछि स्थानीयको सहयोगमा चौतर्फी दबावपछि आइतवार जिल्ला प्रहरी कार्यालय धनुषाका एसपी रुगमबहादुर कुँवरको स्थलगत निरिक्षणपछि रोशनीका ससुरा रुद्रनारायण मिश्रलाई पक्राउ गरिएको थियो ।

पछि अनुसन्धान गर्दै जाँदा घटनामा ससुराको संलग्नता नदेखिएपछि उनलाई रिहा गरेर पर्साहीबाट श्रीमान प्रशान्तलाई पक्राउ गरिएको जिप्रका धनुषाका डिएसपी गणेश बम भट्टले बताएका छन् । उनले भने 'घटनास्थलबाट मृतकका ससुरा रुद्रनारायणलाई पक्राउ गरिएपनि अनुसन्धानमा उनी घटनाको दिन काठमाण्डू रहेको कारण संलग्नता नदेखिएपछि रिहा गरिएको हो ।' तर श्रीमान प्रशासन्तको प्रत्यक्ष संलग्नता प्रारम्भिक अनुसन्धानमा देखिएपछि पैतृक गाउँ पर्साहीबाट पक्राउ गरिएको हो ।

निरिक्षण पश्चात एसपी रुगमबहादुर कुँवरले घटनास्थल निरीक्षण पश्चात संचारकर्मीसँग कुरा गर्दै भने मृतकको घाँटीमा निलडाम देखिएको हो । तर हत्या हो वा आत्महत्या अनुसन्धानपछि भन्न सकिनेछ ।

प्रहरी आफै घटनास्थलको निरिक्षण गरेर आरोपितलाई पक्राउ गरेपनि हालसम्म जाहेरी दर्ता नगरेको आरोप पीडित पक्ष रोशनीका मामा पंकज झाले लगाएका छन् । उनले भने 'हामी दर्जनौको सहभागितामा जाहेरी दर्ता गराउन जिप्रका पुग्यो, तर प्रहरीले पोष्टमार्टम रिपोर्ट नआएको भनी जाहेरी राखेर दर्ता गरेका छैन ।'

पीडितको आरोप बारे डिएसपी भट्टले जाहेरी लिई मिसिलमा राखेर सोही आधारमा अनुसन्धान गरिसकेको बताएका छन । तर पीडित पक्षले आरोपित पक्षले मूल प्रमाण नष्ट गरिसकेको छ र बांकी प्रमाण पनि नष्ट पार्ने भनेर जाहेरी दर्ता गरी तत्काल अनुसन्धान अघि बढाउन माग गरेका छन् ।

# समितिको अध्यक्षमा नरेश

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका २१, कुर्था गाउँस्थित महासेठ सेवा समितिको नयाँ कार्यसमितिमा नरेश महासेठ लगातार दोस्रोपटक अध्यक्षमा निर्वाचित भएका छन् । २०६९ सालमा स्थापना भएको समितिमा महासेठ २०७९ सालमा पहिलोपटक अध्यक्ष बनेका थिए ।



समितिका नव-निर्वाचित अन्य पदाधिकारीहरूमा उपाध्यक्ष नीलमदेवी, महासचिव मुकेश महासेठ, सचिव किशोरी महासेठ, कोषाध्यक्ष मकसुदन महासेठ छन् ।

त्यसैगरी सदस्यमा सत्येन्द्र महासेठ र राजनारायण महासेठ तथा महिला सदस्यमा बबी देवी महासेठ, सरिता देवी महासेठ, रिना कुमारी महासेठ र सावित्री देवी महासेठ चयन भएका छन् । विवाह, भोजभतेर, तथा सामाजिक सेवामा सक्रिय रहेका यी समितिलाई आगामी दिनमा समाजसेवा काममा अझ प्रभावकारी बनाउने अध्यक्ष महासेठले बताए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८